# नेपाल धितोपत्र बोर्ड समाचार

*अङ्क ३०, ३१, ३२ र ३३ (श्रावण-फागुन, २०७७/७८)*

## धितोपत्र दलाल व्यवसायीले लिने सेवा शुल्क पुनरावलोकन गरी समसामयिक बनाईएको ।

**पुस १२, २०७७:** बोर्डबाट धितोपत्र बजार सम्बन्धमा अध्ययन, नियमन तथा सुपरिवेक्षण गर्नुका साथै लगानीकर्ता मैत्री नीति नियम तर्जुमा गर्ने र भएका व्यवस्थाहरुमा समसामयिक पुनरावलोकन गर्ने कार्य हुदै आईरहेको छ । यस सन्दर्भमा धितोपत्र बजारलाई थप गतिशील बनाउने नेपाल सरकारको नीति तथा प्राथमिकता, अनलाईन कारोवार प्रणालीमा सुधार लगायत बजार विकास तथा विस्तारका लागि बोर्डले गरेको विविध सुधारका कार्य तथा व्यवस्थाहरुले बजारमा लगानीकर्ताको सहभागिता तथा कारोवारमा समेत बृद्धि हुँदै गएको छ ।

यसक्रममा बोर्डबाट धितोपत्र बजारमा भई रहेको कारोवारको अवस्था, धितोपत्र कारोवार सेवा तथा शुल्क सम्बन्धी व्यवस्था, धितोपत्र विनिमय बजार तथा धितोपत्र दलाल व्यवसायीको वित्तीय अवस्थाको विश्लेषण तथा धितोपत्र दलाल व्यवसायीको सेवा शुल्क सम्बन्धी अन्तर्राष्ट्रिय अभ्याससहित र धितोपत्रको दोस्रो बजारको विद्युतीय कारोबार प्रणाली सम्बन्धी अध्ययन सिफारिशका आधारमा कारोबार प्रणालीमा सुधारका लागि भएको समन्वय तथा सहजीकरणबाट धितोपत्र कारोबार प्रणाली तथा सेवामा हुँदै गएको सुधार र बजारमा प्रणालीगत सुधार तथा बजार विस्तारसंगै कारोबार लागतलाई प्रतिस्पर्धी बनाउने अन्तर्राष्ट्रिय अभ्यास तथा अनलाईन मार्फत कारोबार गर्ने लगानीकर्ताहरुलाई प्रोत्साहन गर्नुपर्ने आवश्यकता समेतका आधारमा धितोपत्र दलाल व्यवसायी शुल्कमा पुनरावलोकन गरी समसामयिक बनाउन आवश्यक देखिएको थियो ।

त्यसैगरी पछिल्लो समयमा नेपालको धितोपत्र बजारमा ८५ प्रतिशत भन्दा बढी कारोबार अनलाईन मार्फत हुने गरेको तथा दैनिक कारोवार परिमाणमा बढोत्तरी हुदै गईरहेको सन्र्दभमा समेत धितोपत्र दलाल व्यवसायीले लिने सेवा शुल्कमा पुनरावलोकन गरी समसामयिक बनाउन आवश्यक देखिएकोले बोर्डले धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ (तेस्रो संशोधन) को नियम ३२(१) बमोजिम धितोपत्र दलाल व्यवसायीले धितोपत्र कारोबार सेवा उपलब्ध गराए वापत ग्राहकबाट प्राप्त गर्ने शुल्क सम्बन्धी विद्यमान अनुसूची-१४ को सट्टामा देहाय बमोजिमको अनुसूची-१४ कायम गरी मिति २०७७।०९।१२ गते देखि लागू गरेको छ ।

### यस अंकमा...


| विवरण | पेज नं |
|---|---|
| १. धितोपत्र दलाल व्यवसायीको शुल्क पुनरावलोकन गरी समसामयिक बनाइएको | १ |
| २. धितोपत्र बजार विकास तथा सुधार गतिविधिहरु | ३ |
| ३. बोर्डका संस्थागत तथा अन्य गतिविधिहरु | १४ |
| ४. आर्थिक वर्ष २०७७।७८ मा धितोपत्र बजारको अवस्था तथा प्रवृत्ति | १९ |
| ५. धितोपत्र बजार सम्बन्धी लगानीकर्ता प्रशिक्षण कार्यक्रम | २५ |

## धितोपत्र दलाल व्यवसायी शुल्क वापत लिन सक्ने सेवा शुल्क

१. संगठित संस्थाको सेयरको प्रत्येक खरिद तथा बिक्री कारोबारमा धितोपत्र दलाल व्यवसायी सेवा शुल्क वापत लिन पाउने सेवा शुल्क :

| | |
|---|---|
| (क) रु. ५०,०००।- सम्मको कारोवारमा | - ०.४० प्रतिशत |
| (ख) रु. ५०,०००।- भन्दा माथि रु. ५,००,०००।- सम्मको कारोवारमा | - ०.३७ प्रतिशत |
| (ग) रु. ५,००,०००।- भन्दा माथि रु. २०,००,०००।- सम्मको कारोवारमा | - ०.३४ प्रतिशत |
| (घ) रु. २०,००,०००।- भन्दा माथि रु. १,००,००,०००।- सम्मको कारोवारमा | - ०.३० प्रतिशत |
| (ङ) रु. १,००,००,०००।- भन्दा माथि जतिसुकैको कारोवारमा | - ०.२७ प्रतिशत |

२. नेपाल सरकार वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र तथा सस्थागत ऋणपत्रको खरिद बिक्री कारोबारमा धितोपत्र दलाली वापत लिन पाउने सेवा शुल्कः

| | |
|---|---|
| (क) रु. ५,००,०००।- सम्मको कारोवारमा | - ०.१० प्रतिशत |
| (ख) रु. ५,००,०००।- भन्दा माथि ५०,००,०००।- सम्मको कारोवारमा | - ०.०५ प्रतिशत |
| (ग) रु. ५०,००,०००।- भन्दा माथि जतिसुकैको कारोवारमा | - ०.०२ प्रतिशत |

३. माथि क्र.स. १ र २ मा उल्लेखित धितोपत्र बाहेक सामुहिक लगानी कोषको इकाई तथा अन्य धितोपत्रको हकमा धितोपत्र दलाली वापत लिन पाउने सेवा शुल्कः

| | |
|---|---|
| (क) रु. ५,००,०००।- सम्मको कारोवारमा | - ०.१५ प्रतिशत |
| (ख) रु. ५,००,०००।- भन्दा माथि ५०,००,०००।- सम्मको कारोवारमा | - ०.१२ प्रतिशत |
| (ग) रु. ५०,००,०००।- भन्दा माथि जतिसुकैको कारोवारमा | - ०.१० प्रतिशत |

४. माथि क्रम संख्या १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र दलालले ग्राहकबाट पाउने सेवा शुल्क रु.१०।- भन्दा घटी हुने छैन।

५. प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र उक्त आर्थिक वर्षमा धितोपत्र दलालले क्रम संख्या १, २, ३ र ४ बमोजिम प्राप्त गरेको कूल सेवा शुल्कको शून्य दशमलव छ प्रतिशत रकम नियमन शुल्कको रुपमा बोर्डलाई बुझाउनु पर्नेछ।

६. धितोपत्र दलालले कारोबार सेवा प्रदान गरे वापत यस अनुसूचीमा उल्लेखित सेवा शुल्क बाहेक अतिरिक्त रकम ग्राहकबाट लिन सक्ने छैन।

७. धितोपत्र व्यापारीले धितोपत्र कारोबार दस्तुर वापत कारोबार रकमको ०.०२ प्रतिशत रकम धितोपत्र बजारमा बुझाउनु पर्नेछ।

धितोपत्र बजारको सुधार तथा विकासका क्रममा धितोपत्र दलाल व्यवसायीले सानो रकमको कारोवार गर्ने साना लगानीकर्ताहरुलाई कारोवार सेवा वापत लिदै आएको न्यूनतम शुल्कमा ६० प्रतिशत, सरकारी तथा संस्थागत ऋणपत्र, सामुहिक लगानी कोषको इकाई तथा अन्य धितोपत्रको खरिद तथा बिक्री कारोवारमा लिदै आएको शुल्कमा ५० प्रतिशत र संगठित संस्थाको सेयरको खरिद तथा बिक्री कारोवारमा लिदै आएको शुल्कमा ३३ प्रतिशतसम्म कम हुने गरी गरिएको सुधारबाट सेयर, ऋणपत्र, सामूहिक लगानी योजना लगायत अन्य धितोपत्रको कारोबारमा वृद्धि हुनुका साथै नयाँ लगानीकर्ताहरु समेत बजार प्रवेशका लागि प्रोत्साहित हुने र यसबाट समग्र धितोपत्र बजार गतिशील एवं प्रतिस्पर्धी हुने देखिन्छ।

# धितोपत्र बजार सुधार तथा विकास गतिविधिहरु

## विशिष्टीकृत लगानी कोष (प्रथम संशोधन) नियमावली, २०७७ लागू गरिएको ।

**श्रावण १, २०७७:** विशिष्टीकृत लगानी कोष सम्बन्धी नियमावलीमा विदेशी कोष र विदेशी लगानीलाई भित्र्याउन र प्राइभेट इक्वीटी फण्ड र भेन्चर क्यापिटल फण्डको दायरा विस्तार गरी डेब्ट इन्स्ट्रुमेन्ट र ऋणलाई समावेश गर्न साविकको विशिष्टीकृत लगानी कोष नियमावली २०७५ मा प्रथम संशोधन गरी नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल धितोपत्र बोर्डले मिति २०७७।४।०१ गतेदेखि लागू गरेको छ। यी नियमावलीमा भएको मुख्य मुख्य संशोधन देहाय अनुसार रहेको छः

- विदेशमा दर्ता भएको कोष वा कोष व्यवस्थापकले प्रचलित नेपाल कानुनको अधिनमा रही त्यस्तो कोष वा कोष व्यवस्थापकको पूर्ण वा अधिकांश स्वामित्वमा नेपालमा कोष स्थापना वा कोष व्यवस्थापनको कार्य गर्न सक्ने व्यवस्था गरिएको छ।
- प्राइभेट इक्वीटी फण्डको दायरा विस्तार गरी प्राइभेट इक्वीटीको परिभाषामा साधारण सेयरमा परिवर्तनीय धितोपत्र वा ऋणको स्वरुप भएको उपकरण (डेब्ट इन्स्ट्रुमेन्ट) वा ऋण वा स्वःपुँजीसँग सम्बन्धित अन्य उपकरणमा लगानी गर्ने कोष भनी थप गरिएको छ।
- भेन्चर क्यापिटल फण्डको दायरा विस्तार गरी परिभाषामा ऋणको स्वरुप भएको उपकरण (डेब्ट इन्स्ट्रुमेन्ट) वा ऋण लगानी गर्ने कोष समेत थप गरिएको छ।
- योग्य लगानीकर्तामा द्विपक्षीय वा बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थागत लगानीकर्ताको साथै विदेशी व्यक्ति, विदेशी फर्म, विदेशी कम्पनी, विदेशी संस्थागत लगानीकर्ता, विदेशमा दर्ता भएको कोष, विदेशी कोष व्यवस्थापक र अन्य यस्तै प्रकारको संगठित संस्थालाई समावेश गरिएको छ।

उक्त नियमावलीको संशोधनका व्यवस्थाहरुले पुँजी बजारमा विदेशी कोष र लगानीलाई भित्र्याउन सहज हुने भएको छ।

## प्रारम्भिक सार्वजनिक निष्काशनको स्वतन्त्र मूल्य निर्धारणका लागि बुक बिल्डिङ्ग प्रणाली लागू गरिएको ।

**श्रावण २२, २०७७:** धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २५ग ले बुक बिल्डिङ्ग विधिबाट प्रारम्भिक सार्वजनिक निष्काशन गर्न सक्ने व्यवस्था गरी यस सम्बन्धी थप प्रक्रियागत व्यवस्थाहरु निर्देशिकामा तोके बमोजिम हुने व्यवस्था गरेको सन्दर्भमा बुक बिल्डिङ्ग विधिलाई कार्यान्वयनमा ल्याउन बोर्डले मिति २०७७।०४।२२ देखि बुक बिल्डिङ्ग निर्देशिका, २०७७ लागू गरेको छ। बुक बिल्डिङ्ग निर्देशिका, २०७७ का मुख्य व्यवस्थाहरु देहाय अनुसार रहेका छन्।

- संगठित संस्थाले निष्काशन तथा बिक्री प्रबन्धकको परामर्शमा धितोपत्रको अनुमानित मूल्य तथा मूल्यांकनको आधार र औचित्य समेत खुलाइएको प्रारम्भिक विवरणपत्र तयार गरी बोर्डमा दर्ता भएका योग्य संस्थागत लगानीकर्तासँग छलफल कार्यक्रम (Roadshow) संचालन गर्नुपर्ने।

- न्यूनतम १० योग्य संस्थागत लगानीकर्तासँग खरिद गर्न चाहेको न्यूनतम धितोपत्र संख्या, खरिद आशय मूल्य तथा मूल्यांकनको आधार सहित प्रारम्भिक विवरणपत्रको सम्बन्धमा सुझाव प्राप्त गर्नुपर्ने ।
- संगठित संस्थाले योग्य संस्थागत लगानीकर्ताबाट प्राप्त आशय मूल्यको अध्ययन गरी आधार मूल्य तय गर्नुपर्ने र उक्त आधार मूल्यमा २० प्रतिशत थप गर्दा कायम हुने मूल्य माथिल्लो सीमा र २० प्रतिशत घटाउदा कायम हुने मूल्य तल्लो सीमा हुने गरी मूल्य सीमा निर्धारण गर्नुपर्ने ।
- बोर्डमा धितोपत्र दर्ता भई योग्य संस्थागत लगानीकर्तालाई निष्काशन गर्न तयार गरेको धितोपत्रको मूल्य सीमा सहितको विवरणपत्र स्वीकृत भएपश्चात् योग्य संस्थागत लगानीकर्तालाई बोलकबोल मार्फत् धितोपत्र निष्काशन गर्नुपर्ने ।
- कुनै एक योग्य संस्थागत लगानीकर्ताले निष्काशित धितोपत्रको २० प्रतिशतभन्दा बढी धितोपत्रको लागि बोलकबोल प्रस्ताव पेश गर्न नपाइने तथा कबोल गरेको शत प्रतिशत रकम तोकिएको निष्काशन बैंक खातामा जम्मा गर्नुपर्ने वा आवेदकको बैंक खातामा रोक्का राख्नुपर्ने वा गुड फर पेमेन्ट चेक पेश गर्नुपर्ने ।
- स्टक एक्सचेञ्जले स्वचालित विद्युतीय बोल कबोल (विडिङ्ग) प्रणाली संचालन गर्नुपर्ने र स्वचालित विद्युतीय बोलकबोल प्रणाली संचालनमा नआउञ्जेल संगठित संस्थाले सिलबन्दी बोलकबोलमार्फत् धितोपत्रका लागि आवेदन माग गर्न सक्नेछ ।
- योग्य संस्थागत लगानीकर्तालाई निष्काशित धितोपत्र पूर्ण रुपमा बिक्री हुदाँ कायम हुने मूल्य (कट अफ मूल्य) निर्धारण गरी कट अफ मूल्य र सो भन्दा माथिल्लो मूल्यमा कबोल गर्ने सबै आवेदनकर्ताहरुलाई माग बमोजिमको धितोपत्र कट अफ मूल्यमा बाँडफाँड गर्नुपर्ने, कट अफ मूल्यमा आवेदन गर्ने लगानीकर्तालाई माग बमोजिमको धितोपत्र बाँडफाँट गर्न नपुगेमा समानुपातिक रुपमा बाँडफाँट गर्नुपर्ने तथा बाँडफाँटमा नपरेको रकम बाँडफाँट भएको तीन कार्य दिनभित्र आर्जित व्याजसहित फिर्ता गर्नुपर्ने वा खाता फुकुवा गर्नुपर्ने ।
- सर्वसाधारण लगानीकर्तालाई कट अफ मूल्यमा १० प्रतिशत छुट दिई धितोपत्र निष्काशन गर्नुपर्ने ।
- सर्वसाधारणले धितोपत्र खरिदका लागि आवेदन दिने र बाँडफाँट हुने धितोपत्र संख्या न्यूनतम ५० कित्ता हुनुपर्ने ।

प्रारम्भिक सार्वजनिक निष्काशनमा बुक बिल्डिङ्ग विधि लागू भएसँगै धितोपत्रको मूल्य निर्धारण पारदर्शी तथा प्रतिस्पर्धात्मक रुपमा हुने, निष्काशनकर्ता कम्पनीले आफ्नो धितोपत्रको उचित मूल्य प्राप्त गर्न सक्ने र यसबाट वास्तविक क्षेत्रका कम्पनीको बजार प्रवेश प्रोत्साहित हुने, निष्काशनकर्ता कम्पनीमा संस्थागत लगानीकर्ताको स्वामित्व बढ्न गई संस्थागत सुशासन अभिबृद्धिमा सहयोग पुग्ने, ठूला संस्थागत लगानीकर्ताले गरेको धितोपत्रको मागका आधारमा सर्वसाधारण लगानीकर्तालाई लगानी सम्बन्धी निर्णय लिन सहज हुने, दोस्रो बजारको प्रारम्भिक कारोवार मूल्य निर्धारण गर्न सहज हुने तथा लगानीकर्तालाई लगानी विविधिकरण गर्न सहयोग पुग्ने बोर्डको अपेक्षा रहेको छ ।

## सामूहिक लगानी कोष नियमावलीमा संशोधन

**भाद्र २४, २०७७:** बोर्डले नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृति भएको सामूहिक लगानी कोष (चौथो संशोधन ) नियमावली, २०७७ मिति २०७७।०५।२४ देखि लागू गरेको छ । उक्त संशोधन मार्फत योजना व्यवस्थापकले खुलामुखी योजनाको इकाई पुर्नखरिद गर्दा लिने शुल्क (एक्जिट फि) योजनाको आयमा लेखांकन गर्नुपर्ने व्यवस्था गरिएको छ। यस अघि उक्त आयको लेखांकन योजना व्यवस्थापकले गर्ने गरेका थिए। बिद्यमान व्यवस्थाले इकाइधनी (लगानीकर्ता) को कोष मजबुत भई बढी प्रतिफल पाउन सहयोग पुग्नेछ। त्यस्तै, उक्त नियमावलीको नियम ४० को उपनियम (४) मा योजना व्यवस्थापक र योजनाको लेखा परीक्षकको नियुक्ति गर्दा बोर्डलाई जानकारी दिई नियुक्त गर्न सक्ने व्यवस्था गरिएको छ। यस अघि लेखा परीक्षकको नियुक्ति बोर्डबाट स्वीकृति लिएर मात्र गर्न सकिने व्यवस्था रहेको थियो। उक्त व्यवस्था लागू भएसँगै खुलामुखी सामूहिक लगानी योजनाको आयमा बृद्धि भई लगानीकर्ताहरुको हित हुने बोर्डको अपेक्षा रहेको छ।

## मर्चेन्ट बैंकरले प्रदान गर्ने संस्थागत परामर्श सेवा थप व्यवस्थित गर्न नीतिगत व्यवस्था गरिएको।

**भाद्र २५, २०७७ :** बोर्डबाट संस्थागत परामर्श सेवा प्रदान गर्न अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकरहरुको कार्य थप व्यवस्थित एवं प्रभावकारी रुपमा संचालनका लागि आवश्यक जनशक्ति, कार्यस्थल, कार्यालय उपकरण, सेवा संचालनका लागि आवश्यक नीति, विनियमावली तथा कार्यविधि लगायतका विषय समावेश गरी बोर्डबाट अनुमतिपत्र प्राप्त सबै मर्चेन्ट बैंकर (संस्थागत परामर्श सेवा प्रदान गर्ने) ले देहाय बमोजिमको संरचना तयार गरी कार्य गर्ने व्यवस्था मिलाउने नीतिगत व्यवस्था भएको छ।

१) कार्यस्थल व्यवस्था सम्बन्धमा।

- आगन्तुक प्रतिक्षा, ग्राहक सेवा, स्टोर, सूचना प्रविधि सहित व्यवसाय संचालन सम्बन्धी कार्य संचालन गर्न छुट्टाछुट्टै कक्ष भएको कम्तिमा १,००० वर्ग फिट क्षेत्रफल,
- कार्यालय भवन वा क्षेत्रफल भाडामा लिने भए कम्तिमा दुई वर्ष अवधिको बहालसम्बन्धी सम्झौता,
- संचार साधनः टेलिफोन, फ्याक्स सहित इमेल/इन्टरनेटको व्यवस्था,
- सूचना प्रविधिः आवश्यक कम्प्युटर सफ्टवेयर, सर्भर र हार्डवयर,
- कम्प्युटर/ल्यापटपः जनशक्ति व्यवस्था अनुसार कम्प्युटर, प्रिन्टर, सिसिटिभी, पावर व्याकअप, हाजिरी मेशिन,
- कार्यालयको लागि आवश्यक पर्ने फर्निचर, फिक्सचर्स तथा अन्य कार्यालय सामाग्री।

२) संस्थाको संगठनात्मक संरचना सम्बन्धमा।

३) प्रमुख कार्यकारी अधिकृतको योग्यता सम्बन्धमा।

क) अर्थशास्त्र वा वाणिज्य वा वित्त वा लेखा वा व्यवस्थापन वा वाणिज्य कानुन विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक वा चार्टर्ड एकाउन्टेन्सी उपाधि हासिल गरेको,

ख) उद्योग, वाणिज्य वा धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा वा वित्त वा वाणिज्य कानुन वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तिमा तीन वर्ष कार्य गरेको अनुभव भएको।

४) धितोपत्र व्यवसाय संचालन सम्बन्धी परामर्श सेवाका लागि आवश्यक जनशक्ति सम्बन्धमा।

- कार्य विभाजन तथा कार्य विवरण सहित देहाय अनुसारको विभागीय प्रमुख,
  - कम्तिमा वाणिज्यशास्त्र, अर्थशास्त्र, व्यवस्थापनमा स्नातकोत्तर गरेको,

- कम्तिमा कानुन विषयमा स्नातकोत्तर गरेको र
- चार्टर्ड एकाउन्टेन्सी वा फाइनान्सियल एनालिष्टको योग्यता गरेको (यो योग्यता भएको व्यक्ति प्रमुख कार्यकारी अधिकृत भएको अवस्थामा अनिवार्य नहुने )

- अन्य जनशक्ति आवश्यकता अनुसार।

५) अनुपालना अधिकृत र निजको योग्यता सम्बन्धमा।

- अर्थशास्त्र वा वाणिज्य वा वित्त वा लेखा वा व्यवस्थापन वा कानुन विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक वा चार्टर्ड एकाउन्टेन्सी गरेको एक जना अनुपालना (कम्प्लाइन्स) अधिकृत।

६) संस्थाबाट प्रदान गरिने परामर्श सेवा अनुसारको विज्ञ जनशक्तिका सम्बन्धमा।

- सम्पत्ति तथा दायित्व मूल्यांकनसम्बन्धी परामर्शका लागि चार्टर्ड एकाउन्टेन्सी वा फाइनान्सियल एनालिष्ट गरेको कम्तिमा एक जना कर्मचारी,
- अचल सम्पत्ति (Fixed Assets) मूल्यांकनसम्बन्धी परामर्शका लागि सम्बन्धित विषयमा इन्जिनियरिङ्गमा स्नातक गरेको कम्तिमा एक जना कर्मचारी,
- भेञ्चर क्यापिटल वा प्राइभेट इक्विटि कोषसम्बन्धी परामर्शका लागि अर्थशास्त्र वा वाणिज्य वा वित्त वा लेखा वा व्यवस्थापन विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्सी वा फाइनान्सियल एनालिष्टको योग्यता प्राप्त गरेको कम्तिमा एक जना कर्मचारी,

उपर्युक्तानुसारको कर्मचारी करारमा नियुक्ति गर्ने वा आउटसोर्स (Outsource) गर्ने भए सो सम्बन्धी योग्यता खुल्ने कागजातसहित सम्झौता गर्नु पर्नेछ।

७) कार्यालय संचालनका लागि देहाय अनुसारको नीति, विनियमावली वा कार्यविधि बनाई पेश गर्नु पर्नेछ।

- देहायको विषय समाबेश भएको परामर्श सेवासम्बन्धी नीति, विनियमावली र कार्यविधि,
  - परामर्श सेवाको कोष वा लागत रकम अनुसार परामर्श सेवा दिन स्वीकृति प्रदान गर्न सक्ने विभिन्न तहको अख्तियारी,
  - संचालक समितिमा छलफल र स्वीकृतिको लागि ल्याउनुपर्ने परामर्श सेवाको किसिमहरु,
  - परामर्श सेवाको प्रतिवेदन स्वीकृति गर्ने प्रक्रिया,
  - परामर्श सेवा दिने कार्यक्षेत्र।
- संचालक, प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारीका लागि संस्थागत सुशासन सम्बन्धी आचार संहिता वा कार्यविधि,
- कर्मचारी सेवा, शर्त र सुविधा सम्बन्धी विनियमावली तथा आर्थिक प्रशासन सम्बन्धी विनियमावली,
- परामर्श सेवा सम्बन्धी शुल्क निर्धारण तथा सेवा संचालनसम्बन्धी कार्यविधि,
- कार्यालय संचालनका क्रममा आउन सक्ने संचालन जोखिम, बजार जोखिम, ख्याती सम्बन्धी जोखिम तथा अन्य जोखिम न्यूनीकरणका लागि जोखिम पहिचान तथा व्यवस्थापन कार्यविधि।

८) कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थासँग कुनै प्रकारको सेवा लिन चाहेको भए सो सम्बन्धी सम्झौता पत्र पूर्व स्वीकृतिका लागि पेश गर्नु पर्नेछ।

उक्त व्यवस्था लागू भएसँगै संस्थागत परामर्श सेवा थप व्यवस्थित, प्रभावकारी तथा व्यवसायिक रुपमा संचालन भई उक्त सेवा विस्तार हुने देखिन्छ।

## धितोपत्र बजारमा पहिलोपटक सूचीकृत कम्पनीका संचालकलाई कारवाही गरिएको ।

**असोज ६, २०७७ :** सूचीकृत संगठित संस्था हिमालयन डिष्टिलरी लि.को पूर्व संचालक श्री रहिशा शाह श्रेष्ठले सूचिकृत संगठित संस्थाको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को दफा १४ को उपदफा (६) को व्यवस्था विपरीत संचालक पदबाट हटेको एक वर्ष नपुग्दै विभिन्न मितिमा हिमालयन डिष्टिलरी लि.को सेयर बिक्री गरेको तथा उक्त सेयर कारोवारमा संलग्न धितोपत्र दलाल व्यवसायी श्री इन्भेष्टमेन्ट म्यानेजमेन्ट नेपाल प्रा.लि.ले रहिशा शाह श्रेष्ठको बारेमा धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम २९ को उपनियम (१) को व्यवस्था बमोजिमको पूर्ण विवरण सहितको अभिलेख नराखेको तथा सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशन, २०७६ को दफा ६ को उपदफा (२) तथा दफा १० बमोजिम ग्राहक पहिचान लगायत अन्य आवश्यक जानकारी अद्यावधिक राख्नु पर्नेमा सो को पूर्ण रुपमा पालना नगरेको तथा प्रणालीमा बिक्री आदेश प्रबिष्ट गर्नु अघि उक्त कारोवार धितोपत्र सम्बन्धी ऐन, नियम, विनियम तथा निर्देशन बमोजिम गर्न मिल्ने नमिल्ने सम्बन्धमा आवश्यक सावधानी अपनाएको नदेखिएको सन्दर्भमा बोर्डले आवश्यक छानविन गरी देहाय बमोजिमको कारवाही गरेको छ।

(१) धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (७) मा धितोपत्र सम्बन्धी ऐन वा ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएका कुनै आदेश वा निर्देशन वा बोर्डले तोकिदिएका शर्तहरुको उल्लंघन गरेमा वा आफूले गर्नुपर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा त्यस्तो व्यक्तिलाई बोर्डले पचास हजार देखि पचहत्तर हजार रुपैयाँसम्म जरिवान गर्न सक्ने व्यवस्था भएकोमा श्री रहिसा शाह श्रेष्ठलाई पचहत्तर हजार रुपैयाँ जरिवाना गरिएको छ।

(२) धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (६) मा कसैले धितोपत्र सम्बन्धी ऐन वा ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई धितोपत्र निष्काशन गरेमा, धितोपत्र बजार वा धितोपत्र व्यवसायीको हैसियतले धितोपत्र कारोवार संचालन गरे गराएमा त्यस्तो काम गर्ने गराउने व्यक्तिलाई बोर्डले पचास हजार रुपैयाँदेखि एक लाख पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था भएकोमा धितोपत्र दलाल व्यवसायी श्री इन्भेष्टमेन्ट म्यानेजमेन्ट नेपाल प्रा.लि.लाई एक लाख पचास हजार रुपैयाँ जरिवाना गरिएको छ।

सूचीकृत संगठित संस्थाको संचालकलाई गरिएको यो पहिलो कारवाही रहेको छ। बोर्डले धितोपत्र सम्बन्धी कानुनको प्रबलीकरणलाई सशक्त बनाउँदै लैजाने क्रममा गरिएका यस्ता कारबाहीबाट धितोपत्र सम्बन्धी कसूरहरुको न्यूनीकरण भई दोस्रो बजार कारोवार थप स्वच्छ र पारदर्शी हुने र बजारका सम्बद्ध पक्षहरुले ऐन नियमको पालनातर्फ थप सजगता अपनाउने बोर्डको अपेक्षा रहेको छ।

## सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा धितोपत्र व्यवसायीको जोखिममा आधारित सुपरिवेक्षण म्यानुअल, २०७७ लागू गरिएको ।

**असोज १५, २०७७:** अपराधजन्य कार्यबाट आर्जित आयलाई सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्ने सम्बन्धमा "सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४", "सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३" तथा नेपाल धितोपत्र वोर्डबाट जारी भएको "सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा

वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६" मा भएको कानुनी व्यवस्थालाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा नेपाल धितोपत्र वोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायीको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी काम कारवाहीलाई थप नियमित तथा व्यवस्थित गर्नका लागी देहाय बमोजिमका विशेषता भएको **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा धितोपत्र व्यवसायीको जोखिममा आधारित सुपरिवेक्षण म्यानुअल, २०७७** यहि मिति २०७७।०६।१५ गते देखि लागू गर्ने निर्णय गरिएको छ।

- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास अनुरुप फाइनान्सियल एक्सन टाक्स फोर्स तथा एशिया प्रशान्त समूह (एपिजी) को मापदण्डहरुलाई समेत आधार मानी तयार गरिएको,
- धितोपत्र व्यवसायीहरुको जोखिममा आधारित रहेको,
- धितोपत्र व्यवसायीको संरचनागत तथा अन्तर्निहित जोखिम तथा जोखिम व्यवस्थापनलाई रेटिङ्ग स्केल १ देखि ५ को बीचमा गर्ने व्यवस्था गरिएको,
- धितोपत्र व्यवसायीको स्थलगत तथा गैर स्थलगत सुपरिवेक्षण सम्बन्धी विषय समावेश गरिएको,
- धितोपत्र व्यवसायीहरुहरुबाट संकलन गरिने परिमाणात्मक तथा गुणात्मक तथ्यांक तथा विवरणहरुबाट धितोपत्र व्यवसायीको गैर स्थलगत जोखिम मूल्यांकन गर्ने व्यवस्था गरिएको,
- धितोपत्र व्यवसायीको गैर स्थलगत जोखिम मूल्यांकनबाट स्थलगत सुपरिवेक्षणको अवधि, क्षेत्र तथा मात्रा निर्धारण गर्ने व्यवस्था गरिएको।
- धितोपत्र व्यवसायीहरुको जोखिम मूल्यांकन गर्दा देहायको आधारमा गर्ने गरिएकोः
    - धितोपत्र व्यवसायीले प्रदान गर्ने वस्तु तथा सेवा,
    - ग्राहक सम्बन्धी जोखिम,
    - भौगोलिक क्षेत्र सम्बन्धी जोखिम,
    - उच्च पदस्थ व्यक्ति सम्बन्धी जोखिम,
    - वितरण माध्यम सम्बन्धी जोखिम,
    - धितोपत्र व्यवसायीको संरचनागत जोखिम,
    - धितोपत्र व्यवसायीको जोखिम व्यवस्थापन सम्बन्धी व्यवस्था।

उपर्युक्तानुसारको विशेषताहरु भएको **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा धितोपत्र व्यवसायीको जोखिममा आधारित सुपरिवेक्षण म्यानुअल, २०७७** लागू भए पश्चात वोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायीहरुको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी निवारण सम्बन्धी प्रचलित कानुनमा भएको व्यवस्थालाई अझ प्रभावकारी रुपमा अनुगमन एवं निरीक्षण गर्न तथा व्यवसायीहरुको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कामकारवाहीहरु थप नियमित तथा व्यवस्थित भई लगानीमैत्री तथा पारदर्शी धितोपत्र बजारको विकासमा सहयोग पुग्ने देखिन्छ।

## विश्व लगानीकर्ता सप्ताहको समापनको अवसरमा कार्यक्रम।

**असोज २७, २०७७:** नेपाल धितोपत्र बोर्ड सन् २०१६ जुलाईमा धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (IOSCO) को एशोसिएट सदस्य भएपश्चात् उक्त संस्थाले आयोजना गरेका विभिन्न कार्यक्रमहरुमा बोर्डको सहभागीता रहँदै आएको छ। सन्

२०१७ देखि उक्त संस्थाले आव्हान गरेको विश्व लगानीकर्ता सप्ताह उक्त संस्थाबाट यसवर्ष अक्टोवर ५-११, २०२०(२०७७ आश्विन १९-२५) सम्म आयोजना गर्न आह्वान गरे अनुरुप बोर्डले २०७७ आश्विन २१ देखि २५ सम्म लगानीकर्ता सशक्तिकरण सम्बन्धी देहाय अनुरुप विविध कार्यक्रम सञ्चालन गरेको थियो ।

- **सप्ताहको पहिलो दिन मिति २०७७ आश्विन २१, बुधबार,** पहिलो कार्यक्रमको रुपमा धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी जानकारी तथा सचेतनामूलक विशेष रेडियो कार्यक्रम रेडियो नेपालबाट विहान ७:२५ देखि ७:५५ सम्म प्रसारण गरिएको थियो । उक्त कार्यक्रमबाट देशभर रहेका सर्वसाधारण लगानीकर्ताहरु लाभान्वित भएको बोर्डको अनुमान रहेको छ । उक्त कार्यक्रममा धितोपत्र बजारमा लगानी गर्दा सचेत भई सुसूचित निर्णय गर्नुपर्ने सम्बन्धमा बोर्डका उप कार्यकारी निर्देशक तथा विज्ञको धारणा प्रस्तुतिका साथै कार्यक्रममा लगानीकर्ताबाट गरिएको प्रश्न तथा जिज्ञासाहरुको सम्बोधन समेत गरिएको थियो ।
- **दोस्रो कार्यक्रमको रुपमा २०७७ आश्विन २२, विहीबार, अपरान्ह ३:००-५:३०** दोस्रो कार्यक्रमको रुपमा अर्न्तक्रिया कार्यक्रम आयोजना गरिएको थियो । बोर्डले धितोपत्र निष्काशनमा स्वतन्त्र मूल्य निर्धारण (Free Pricing) का लागि बुक विल्डिङ्ग पद्दतिबाट सार्वजनिक निष्काशन गर्न सक्ने गरी निर्देशिका जारी गरेको पृष्ठभूमिमा आयोजना गरिएको छलफल तथा अर्न्तक्रिया कार्यक्रममा उद्योग बिभागका महानिर्देशकज्यू, कम्पनी रजिष्ट्रारज्यू, नेपाल उद्योग परिसंघको अध्यक्ष, वास्तविक क्षेत्रका कम्पनीका उच्च व्यवस्थापक, बोर्डका सदस्यज्यूहरु, लगानीकर्ता आवद्ध बिभिन्न संघ संगठनका अध्यक्षहरुको सहभागीता रहेको थियो । वास्तविक क्षेत्रका कम्पनीहरुलाई पुँजी बजारबाट पुँजी परिचालन गर्न अभिप्रेरित गर्ने र धितोपत्र निष्काशनमा स्वतन्त्र मूल्य निर्धारणका सम्बन्धमा संभाव्य निष्काशनकर्ता कम्पनीहरु तथा लगानीकर्ताहरुमा रहेको द्विविधा अन्त्य गर्न वाह्य विज्ञ तथा बोर्डका पदाधिकारीबाट प्रस्तुतीकरण गर्नुका साथै प्रस्तुतीकरणमा आएका विषयवस्तुहरुमा विस्तृत छलफल तथा अर्न्तक्रिया भएको थियो । उक्त कार्यक्रममा वास्तविक क्षेत्रका करिव ५० कम्पनीहरुको सहभागीता रहेको थियो ।
- **तेस्रो कार्यक्रमको रुपमा मिति २०७७ आश्विन २३, शुक्रबार, अपरान्ह १:३०-५:३०** लगानीकर्ता प्रशिक्षण तथा सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रम लगानीकर्ताको अधिकार, सुसूचित लगानी सम्बन्धी निर्णयका लागि आवश्यक ज्ञान तथा जानकारी, अनलाईन ट्रेडिङ्गको उपयोगिता र प्रयोग, आस्वा, सिआस्वा, मेरा सेयरको उपयोगिता, क्रेडिट रेटिङ्गको महत्व तथा उपयोगिता लगायतका धितोपत्र बजार सम्बन्धी विषयवस्तुहरुमा केन्द्रित रहेको थियो । नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि. र इक्रा नेपालको तर्फबाट लगानीकर्तालाई लगानी सम्बन्धी प्रशिक्षण तथा सचेतना प्रदान गरिएको थियो । उक्त कार्यक्रममा बजार विज्ञ र लगानीकर्ताहरु आवद्ध पाँचवटा लगानीकर्ता संघ संगठनका प्रतिनिधिले बोर्डले आयोजना गरेको कार्यक्रम आम लगानीकर्ताहरुलाई ज्यादै उपयोगी भएको धारणा व्यक्त गर्दै लगानीकर्ताको हैसियले आफ्नो ज्ञान तथा अनुभव आदान प्रदान गर्नुभएको थियो । उक्त कार्यक्रममा zoom मार्फत् प्रत्यक्ष तथा सामाजिक संजाल (फेसवुक) मार्फत् देश तथा विदेशबाट ठूलो संख्यामा सर्वसाधारण लगानीकर्ताहरु सहभागी भएका थिए । सोही दिन बोर्डले दुईवटा महत्वपूर्ण कार्य समेत सम्पन्न गरेको छ ।

धितोपत्र बजार सम्बन्धमा चासो राख्ने सर्वसाधारण र स्कूल तथा कलेजका विद्यार्थीहरुलाई लक्षित गरी प्रकाशन गरेको धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी लगानीकर्ता हाते पुस्तक, २०२० को बोर्डका अध्यक्ष श्री भिष्मराज ढुङ्गानाज्यूबाट विमोचन गरिएको छ। साथै उक्त दिन धितोपत्र बजार सहभागीहरुले बोर्डमा पेश गर्नुपर्ने वित्तीय तथा अन्य विवरण विद्युतीय माध्यममार्फत पेश गर्न र लगानीकर्ताले सूचिकृत कम्पनी सम्बन्धी विवरण प्राप्त गर्न सक्ने प्रणाली Electronic Reporting and Retrieval System-ERRS को अनावरण बोर्डका अध्यक्ष श्री भिष्म राज ढुङ्गानाज्यूबाट भएको थियो।

- **चौथौ कार्यक्रमको रुपमा (मिति २०७७ आश्विन २४, शनिबार)** लगानीकर्ताले लगानी गर्दा ध्यान दिनुपर्ने पक्षहरु तथा लगानी गर्ने सम्बन्धमा सचेतनामूलक जानकारी (Tips for making informed investment decision) गोरखापत्र राष्ट्रिय दैनिक र नयाँ पत्रिका दैनिकमा प्रकाशन गरिएको थियो। देश भर वितरण हुने उक्त पत्रिकाहरुको माध्यमबाट ठूलो संख्यामा सर्वसाधारण लगानीकर्ता सुसूचित भएको बोर्डले अपेक्षा गरेको छ।
- **पाँचौं कार्यक्रमको रुपमा (मिति २०७७ आश्विन २५, आइतबार, अपरान्ह ३:३०-३:४५)**: लगानीकर्तालाई सवलीकरण गर्ने र तिनको हकहितको संरक्षण गर्ने सम्बन्धमा नेपाल धितोपत्र बोर्डको भूमिका सम्बन्धी एक वृत्तचित्र नेपाल टेलिभिजनबाट प्रशारण भएको छ। यस वृत्तचित्र मार्फत बोर्डले गरिरहेको काम तथा भावि योजनाको बारेमा सर्वसाधारण लगानीकर्तालाई जानकारी भई धितोपत्र बजार तथा वस्तु विनिमय बजारका सम्बन्धमा सचेतना अभिवृद्धि हुने विश्वास गरिएको छ।

समग्रमा विश्व लगानीकर्ता सप्ताह २०२० अन्तर्गत धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा लगानी गर्दा सचेत भई सुसूचित निर्णयका आधारमा लगानी गर्न आम लगानीकर्ताहरुलाई अभिप्रेरित गर्न सञ्चालित कार्यक्रमहरुबाट बोर्डले धितोपत्र बजार थप स्वच्छ, पारदर्शी, प्रतिस्पर्धी र प्रविधिमैत्री हुने अपेक्षा गरेको छ।

## केन्द्रिकृत विद्युतीय ग्राहक पहिचान विवरण (KYC) सेवा सम्बन्धी कार्य संचालन निर्देशिका, २०७७ स्वीकृत गरिएको।

**कार्तिक ७, २०७७:** लगानीकर्ताहरुलाई धितोपत्र वजार मार्फत प्राप्त हुने सेवा सुविधा तथा सोसंग सम्वन्धित प्रक्रियामा समसामयिक सुधार गरी थप सहज एवं छरितो वनाउन आवश्यक रहेको सन्दर्भमा लगानीकर्ताहरुले घरैबाट केवाइसी प्रतिनिधिको अधिकार प्राप्त व्यक्ति वा कर्मचारी मार्फत वा केवाईसी दर्ता प्रतिनिधिको आफै व्यक्तिगत पहिचान सहितको केवाईसी विवरण भर्न सक्ने र त्यस्तो प्रणाली भित्र रहेको केवाईसी विवरण धितोपत्र बजार भित्र सबै निकायले प्रयोग गर्न सक्ने गरी व्यवस्था गर्न साथै विद्यमान कोभिड-१९ को महामारीमा धितोपत्र व्यवसायीकोमा ग्राहकले आफूले भर्नु पर्ने ग्राहक पहिचान विवरणलाई सहज र सरल बनाउन तथा डिजिटलाईजेसन गर्न आवश्यक रहेको परिप्रेक्ष्यमा बोर्डले सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट बोर्डमा पेश भएको केन्द्रिकृत बिद्युतीय ग्राहक पहिचान विवरण (केवाईसी) सेवा सम्वन्धी कार्य संचालन निर्देशिका, २०७७ स्वीकृत गरी कार्यान्वयनको लागि सिडिएस एण्ड क्लियरिङ्ग लि. मा पठाइएको थियो। उक्त निर्देशिकामा मूख्यतः देहाय अनुसारका व्यवस्थाहरु रहेका छन।

**मुख्य व्यवस्थाहरुः**

१. ग्राहकको विद्युतीय केवाईसी दर्ता प्रतिनिधि सम्वन्धी व्यवस्था,

२. विद्युतीय केवाईसी प्रणालीको विकास सम्वन्धी व्यवस्था,

३. ग्राहकले धितोपत्र कारोवार वा सो सम्वन्धी सेवा लिन विद्युतीय केवाईसी दर्ता गर्नु पर्ने सम्वन्धी व्यवस्था,

४. केवाईसी विवरण प्रयोग सम्वन्धी व्यवस्था,

५. केवाईसी विवरणलाई परिष्कृत गरी लागु गरिने सम्वन्धी व्यवस्था,

६. ग्राहकको केवाईसी विवरणको गोपनियता तथा सुरक्षा सम्वन्धी व्यवस्था,

७. केवाईसी विवरणको दुरुपयोग गरेमा कानुनी कारवाही सम्वन्धी व्यवस्था ।

यसरी केन्द्रीकृत बिद्युतीय ग्राहक पहिचान विवरण (केवाईसी) सेवा सम्वन्धी कार्य संचालन निर्देशिका, २०७७ कार्यान्वयनमा आए पश्चात धितोपत्र वजारमार्फत सेवा लिन चाहने लगानीकर्ताले एकै खालको विवरण धेरै ठाउँमा पेश गर्नु पर्ने झण्झटिलो व्यवस्थामा सुधार आई लगानीकर्तालाई धितोपत्र कारोवार प्रक्रियामा थप सहज एवं सरल हुने तथा समग्र धितोपत्र वजार प्रविधिमैत्री हुँदै गई बजार विकासमा समेत थप टेवा पुग्ने बोर्डको अपेक्षा रहेको छ ।

## SEBON ICT Operation Manual, 2020 लागू गरिएको ।

पुस ८, २०७७: धितोपत्र बजार तथा वस्तु विनियम बजार(बजार) को विकास तथा विस्तारलाई व्यवस्थित एवं सुशासित बनाउन र बजार सम्बन्धी गतिविधिहरुमा सूचना प्रविधिको बढ्दो प्रयोगलाई सुरक्षित एवं भरपर्दो बनाई समग्र बजारलाई पारदर्शी एवं विश्वसनीय बनाउन र बजारमा उपयोग हुने सूचना प्रविधिलाई अन्तर्राष्ट्रिय सिद्धान्त तथा अभ्यास अनुकूल बनाउन बजार सम्बन्धी एकीकृत नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनीतिक उपाय अवलम्बन गर्नका लागि नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति, २०७६ बोर्डबाट २०७६।०४।०१ देखि लागू गरिएको थियो । बोर्डको आर्थिक बर्ष २०७७।७८ को वार्षिक नीति तथा कार्यक्रममा बोर्डको सूचना प्रविधि नीति लागू गर्न आवश्यक निर्देशिका तर्जुमा गरी लागू गर्ने तथा सूचना प्रविधि नीतिमा उल्लेखित कार्यहरु सम्बन्धित पक्षहरुबाट कार्यान्वयन योजना बनाई लागु गर्ने व्यवस्था गरिए बमोजिम सूचना प्रविधि क्षेत्रका विज्ञहरुसँग समेत समन्वय गरी SEBON ICT Operation Manual, 2020 तयार गरिएकोमा उक्त म्यानुयल मिति २०७७।०९।०७ को निर्णयानुसार मिति २०७७।०९।०८ देखि लागू गरिएको छ । SEBON ICT Operation Manual, 2020 मा सूचना प्रबिधि सम्बन्धी संगठनात्मक व्यवस्था; तथ्यांक केन्द्र संचालन तथा व्यवस्थापन; सूचना प्रबिधि संजाल पूर्वाधारको व्यवस्था; सूचना प्रबिधि सम्बन्धी अनुसन्धान तथा विकास; बोर्डमा प्रयोगमा ल्याउने सूचना प्रबिधि उपकरणहरुको खरिद तथा विकास गर्दा आवश्यक प्राविधिक मूल्यांकन तथा हस्तान्तरण पूर्वको निरीक्षण तथा परीक्षण; हार्डवेयर, पावर तथा इन्जिनको स्तरीय एवम् प्रभावकारी व्यवस्था; सूचना, संचार तथा प्रविधिको दैनिक प्रयोगको व्यवस्थापन र सूचना, संचार तथा प्रबिधि सम्बन्धी तालिम तथा सचेतना अभिवृद्धि लगायतका व्यवस्थाहरु समावेश गरिएको छ ।

यस म्यानुयल लागू गरिएसँगै बोर्डबाट धितोपत्र बजार सहभागीहरुले बोर्डमा बुझाउनुपर्ने वार्षिक तथा त्रैमासिक विवरण लगायतका अन्य आवधिक विवरणहरु अनलाईन मार्फत पेश गर्न सक्ने गरी बोर्डबाट मिति २०७७।०६।२३ देखि सञ्चालनमा ल्याइएको Electronic Reporting and Retrieval System-ERRS को प्रयोग प्रभावकारी बनाउन सहयोग पुग्नेछ । SEBON ICT Operation Manual, 2020 कार्यान्वयनमा आए पश्चात बोर्डको आन्तरिक सूचना तथा प्रविधि व्यवस्थापन कार्य प्रभावकारी हुने, सूचना प्रविधिको स्तर अभिवृद्धि हुने र सूचना प्रविधिको स्तरीय प्रयोग एवं प्रभावकारी व्यवस्थापनबाट बोर्डको संस्थागत क्षमता अभिवृद्धि भई बजार नियमन तथा सुपरिवेक्षणमा कार्य प्रभावकारी हुने बोर्डको विश्वास रहेको छ।

## योग्य संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्न अनुमति प्रदान गरिएको।

**पुस २३, २०७७:** धितोपत्रको मूल्य निर्धारण पारदर्शी तथा प्रतिस्पर्धात्मक रुपमा गरी वास्तविक क्षेत्रका कम्पनीको बजार प्रवेश प्रोत्साहित गर्न अन्तर्राष्ट्रिय रुपमा प्रचलनमा रहेको बुक बिल्डिङ्ग विधि प्रारम्भिक सार्वजनिक निष्काशनमा लागू गर्न बोर्डले बुक बिल्डिङ्ग निर्देशिका, २०७७ जारी गरिसकेको र वास्तविक क्षेत्रका केही कम्पनीहरुले यस विधिमार्फत् धितोपत्रको सार्वजनिक निष्काशन गर्न तयारी समेत गरिरहेको सन्दर्भमा बोर्डले इच्छुक संस्थाहरुलाई योग्य संस्थागत लगानीकर्ताको रुपमा स्वीकृति लिन निवेदन पेश गर्न सूचना आह्वान गरे अनुरुप ६२ संस्थाहरुले निवेदन पेश गरेको। निवेदक संस्थाको वित्तीय तथा व्यवस्थापन पक्षको अध्ययन गरी निर्देशिका बमोजिमको कागजात तथा विवरण पेश गरेका ४६ संगठित संस्थालाई योग्य संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्न बोर्डले स्वीकृति प्रदान गरिएकोमा हाल उक्त कम्पनीहरुको संख्या ८३ पुगेको छ। बोर्डबाट स्वीकृति प्राप्त योग्य संस्थागत लगानीकर्ताले निष्काशनकर्ता कम्पनीको प्राविधिक, वित्तीय, व्यवस्थापन, भावी योजना तथा रणनीति लगायतका विवरणको अध्ययनको आधारमा सूसुचित तवरले धितोपत्रको आशय मूल्य पेश गरी प्रारम्भिक सार्वजनिक निष्काशनको मूल्य निर्धारणमा दक्ष तथा व्यवसायिक सहभागितामार्फत् धितोपत्रको उचित मूल्य निर्धारण गर्न सहयोग पुग्नुका साथै बजारमा वास्तविक क्षेत्रका संगठित संस्थाको थप प्रवेश हुने बोर्डको अपेक्षा रहेको छ । स्वीकृत योग्य संस्थागत लगानीकर्ताको विवरण बोर्डको वेबसाइट wwww.sebon.gov.np मा राखिएको छ।

## धितोपत्र कारोवारको राफसाफ तथा फछ्र्यौट चक्र T+2 कायम गरिएको।

**पुस २४, २०७७:** नेपालको धितोपत्र बजारमा भइरहेको प्रविधिको बढ्दो प्रयोग तथा अन्तर्राष्ट्रिय अभ्यासलाई दृष्टिगत गरी धितोपत्र कारोवार राफसाफ तथा फछ्र्यौट प्रणाली T+2 मा गर्ने बोर्डको आ.व. २०७७।७८ को नीति तथा कार्यक्रममा रहेको र सो कार्यान्वयनमा ल्याउन सिडिएस एण्ड क्लियरिङ्ग लि.ले आफ्नो विनियममा भएको हालको T+3 लाई T+2 मा ल्याउने गरी संशोधन स्वीकृतिका लागि बोर्डमा पेश गरेकोमा बोर्डले धितोपत्र कारोवारको राफसाफ तथा फछ्र्यौट चक्र T+2 गर्ने गरी धितोपत्र कारोवार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ मा सो प्रयोजनको लागि विनियममा संशोधन स्वीकृति गरेको छ।

उक्त व्यवस्था सिडिएस एण्ड क्लियरिङ्ग लि. ले सार्वजनिक सूचना प्रकाशित गरी कार्यान्वयनमा ल्याउने व्यवस्था गरिएको छ। धितोपत्र कारोवारको राफसाफ तथा फछ्र्यौट चक्र छोटिई T+2 कायम भएसँगै धितोपत्रको तरलतामा बृद्धि भई बजार थप गतिशील हुने तथा लगानीकर्तालाई थप लगानीको अवसर प्राप्त हुने बोर्डको अपेक्षा रहेको छ।

## संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा।

**पुस २७, २०७७:** धितोपत्रको प्राथमिक बजार देशभर ७७ जिल्लामा नै पुगी एउटै प्रारम्भिक सार्वजनिक निष्काशनमा १० लाखभन्दा बढी लगानीकर्ताको सहभागिता भइरहेको, दोस्रो बजारमा समेत अनलाइन प्रणालीको प्रयोग भई देशका प्रमुख शहरबाट कारोवार गर्न सक्ने व्यवस्था भएको र बजारमा नयाँ लगानीकर्ताको प्रवेश समेत बढ्दै गइरहेको सन्दर्भमा प्रविधिमैत्री हुने गरी लगानीकर्ता शिक्षा तथा सचेतनामा विशेष जोड दिनुपर्ने र यसका लागि धितोपत्र बजारसम्बद्ध सबै पक्षहरुको सहभागीताको आवश्यकता देखिएकोले केन्द्रीय निक्षेप कम्पनी, क्रेडिट रेटिङ्ग संस्था, धितोपत्र दलाल तथा धितोपत्र व्यापारीहरुले आफ्नो खुद मुनाफाको कम्तिमा एक प्रतिशत रकम छुट्टयाई संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्य विशेष गरी लगानीकर्ता शिक्षा तथा सचेतना अभिबृद्धि कार्यमा खर्च गर्नुपर्ने र खर्च गर्दा सबै प्रदेशमा आवश्यकता अनुरुप खर्चको वितरण हुनुपर्ने व्यवस्था गरिएको छ। मर्चेन्ट बैंकरका सन्दर्भमा संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी व्यवस्था कार्यान्वयनमा आइसकेको छ।

धितोपत्र व्यवसायीको खुद मुनाफाबाट एक प्रतिशत रकम संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्टयाउने र प्रमुख रुपमा उक्त कोषमार्फत् लगानीकर्ताको ज्ञान तथा सचेतना अभिबृद्धि गर्ने कार्यका लागि आवश्यक बजेटको व्यवस्था भई लगानीकर्ताका लागि धितोपत्र बजारसम्बन्धी शिक्षा तथा सचेतना अभिबृद्धि कार्यक्रम संचालन हुने जसबाट लगानीकर्ताले सूसुचित निर्णय लिन सहयोग पुगी लगानीकर्ताको हित हुनुका साथै बजार विकास विस्तारमा समेत सहयोग पुग्ने बोर्डको अपेक्षा रहेको छ।

## नागरिक स्टक डिलर कम्पनी लि.लाई धितोपत्र व्यापारीको कार्य संचालन गर्न अनुमति प्रदान।

**माघ ९, २०७७:** नागरिक लगानी कोषको सहायक कम्पनी नागरिक स्टक डिलर कम्पनी लि.ले धितोपत्र व्यापारीको कार्य गर्न बोर्ड समक्ष निवेदन दिएकोमा उक्त कम्पनीलाई धितोपत्र व्यापारीको कार्य संचालन गर्न अनुमतिपत्र प्रदान गरिएको छ। बोर्डले नेपालको पुँजी बजारमा संस्थागत लगानीकर्ताको प्रबेशलाई प्रोत्साहन गर्न नागरिक लगानी कोष जस्तै विशेष ऐनद्वारा स्थापित वित्तीय संस्थाले बोर्डबाट अनुमतिपत्र प्राप्त गरी धितोपत्र व्यापारीको कार्य गर्न सक्ने व्यवस्था समेटी मिति २०७६।११।०१ देखि लागू हुने गरी धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ मा संशोधन गरेको थियो। साथै, नेपाल सरकारको बजेट बक्तव्यमा समेत पुँजी बजारमा संस्थागत लगानी अभिबृद्धि गर्न स्टक डिलरको कार्य सञ्चालनमा ल्याउने व्यवस्था उल्लेख भएको थियो। उक्त पृष्ठभूमिमा नेपालको पुँजी बजारमा संस्थागत लगानीकर्ताको प्रवेशमा शिघ्रता ल्याउन संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्न सक्ने तथा पुँजी बजारको विकासमा गतिशिलता ल्याउने उद्देश्यले स्थापित नागरिक लगानी कोषको सहायक कम्पनी नागरिक स्टक डिलर कम्पनी लि.लाई धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ बमोजिमको आवश्यक प्रक्रिया पूरा गरेपश्चात् बोर्डले धितोपत्र व्यापारीको कार्य संचालन गर्न अनुमतिपत्र प्रदान गरेको हो।

नेपालको पुँजी बजारमा हाल स-साना लगानीकर्ताको बाहुल्यता रहेको तथा संस्थागत लगानीकर्ताको न्यून उपस्थिति रहेको सन्दर्भमा नागरिक स्टक डिलर कम्पनी लि.को प्रवेशसँगै उक्त कम्पनीबाट अध्ययन तथा अनुसन्धानमार्फत् हुने लगानीसम्बन्धी सुझबुझपूर्ण क्रियाकलापबाट पुँजी बजारमा गतिशिलता आई बजारको विकासमा महत्वपूर्ण भूमिका खेल्ने बोर्डको विश्वास रहेको छ।

## बोर्डका संस्थागत तथा अन्य गतिविधिहरु

### कार्यकारी निर्देशकको राजीनामा।



**भदौ ३०, २०७७:** बोर्डमा सुपरिवेक्षण तथा अनुसन्धान विभागीय प्रमुखका रुपमा रहनुभएका कार्यकारी निर्देशक श्री परिष्टनाथ पौड्यालले घरयासी कारणले बोर्डको सेवालाई निरन्तरता दिन नसक्ने भएको भनी राजीनामा पेश गर्नु भएको थियो। एमबिए अध्ययन गर्नुभएका पौड्याल मिति २०५३।०४।०३ देखि अधिकृत पद (अस्थायी) बाट बोर्डको सेवामा प्रवेश गर्नु भएकोमा मिति २०५५।०३।२९ मा अधिकृत पदमा स्थायी नियुक्ति हुनु भएको थियो। त्यसैगरी मिति २०५८।०५।१४ मा अधिकृत द्वितिय श्रेणी पदमा, मिति २०६३।०६।२४ गते देखि लागु हुने गरी अधिकृत प्रथम श्रेणी पदमा र मिति २०७२।०३।०१ गते देखि बोर्डको विशिष्ट श्रेणी (प्रशासन) कार्यकारी निर्देशक पदमा बढुवा हुनु भएको थियो। बोर्डबाट तर्जूमा गरिने नीति निर्माण तथा बजार नियमन तथा सुपरिवेक्षणमा दक्ष पौड्यालले बोर्डको सेवामा रहँदा खेल्नु भएको सकारात्मक तथा रचनात्मक भूमिका तथा योगदानको बोर्डले उच्च सम्मान तथा उहाँको बाँकी जीवनको सफलताका लागि शुभेच्छा व्यक्त गरेको छ।

### पूर्व अध्यक्षको सम्झनामा शोक सभा सम्पन्न।



**कार्तिक २, २०७७:** नेपाल धितोपत्र बोर्डको अध्यक्षको रुपमा मिति २०६८।०६।३० देखि २०७२।०६।२९ सम्म बोर्डको नेतृत्व गर्नुभएका पूर्व अध्यक्ष श्री बाबुराम श्रेष्ठको मिति २०७७।०७।०१ गतेका दिन असामयिक निधन भएकोमा बोर्ड स्तब्ध भएको छ। यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्नुको साथै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं। उहाँको असामयिक निधनप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न मिति २०७७।०७।०२ गते बोर्डमा शोक सभा आयोजना गरिएको थियो। उक्त शोक सभामा बोर्डका अध्यक्ष श्री भिष्मराज ढुंगाना लगायत सम्पूर्ण कर्मचारीहरुले उहाँको तस्बिरमा माल्यार्पण गर्नुका साथै उहाँको सम्झनामा दुई मिनेट मौन धारण गरिएको थियो।

स्वर्गीय बाबुराम श्रेष्ठको ४ बर्षे कार्यकालमा केन्द्रीय निक्षेप कम्पनी सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड मार्फत सूचिकृत कम्पनीहरुको धितोपत्रहरुको अभौतिकीकरण गर्ने कार्य प्रारम्भ भएको थियो। त्यसैगरी, सूचीकृत कम्पनी तथा पब्लिक कम्पनीहरुले सार्वजनिक

निष्कासन गर्ने धितोपत्रहरुको रेटिङ्ग गरी लगानीकर्ताहरुलाई कम्पनीको जोखिम तथा सम्भावनाको बारेमा जानकारी दिई सुसूचित निर्णय लिन सहयोग पुऱ्याउने उद्देश्यले साख मूल्यांकन कम्पनीलाई सञ्चालन अनुमति दिने कार्य भएको थियो। साथै उहाँले धितोपत्र बजारका लगानीकर्ताहरुको समस्या, गुनासा, सल्लाह र सुझाव पेश गर्ने कार्यलाई सहजिकरण गर्न बोर्डमा हटलाईन फोनको व्यवस्था गर्ने र बोर्डको संस्थागत क्षमता अभिवृद्धि गर्न आवश्यक जनशक्ति पूर्ति गर्ने सम्बन्धी प्रक्रिया अगाडि बढाउने जस्ता महत्वपूर्ण कार्यहरु लगायत पुँजी बजारमा विभिन्न सुधारका कामहरु सम्पन्न गरी सफलता पूर्वक कार्यकाल पूरा गर्नु भएको थियो। यस दुःखद समयमा नेपालको पुँजी बजारले एक योग्य व्यक्तित्व गुमाएको र नेपाली पुँजी बजारको लागि अपूरणीय क्षति भएको छ।

## मर्चेन्ट बैंकर एशोसियशन अफ नेपालका नवनियुक्त पदाधिकारीसँग भेटघाट सम्पन्न।

**पुस ३, २०७७:** मर्चेन्ट बैंकर एशोसियशन अफ नेपालका नवनियुक्त पदाधिकारीहरुको प्रतिनिधिमण्डलले बोर्ड अध्यक्ष श्री भिष्मराज ढुंगानाज्यूसँग मिति २०७७।०९।०३ मा बोर्डको कार्यालय जावलाखेलमा भेट गरेको छ। प्रतिनिधिमण्डलको नेतृत्व मर्चेन्ट बैंकर एशोसियशन अफ नेपालका नवनियुक्त अध्यक्ष श्री मेख बहादुर थापाले गर्नुभएको थियो। उक्त अवसरमा बोर्ड अध्यक्ष श्री भिष्मराज ढुंगानाज्यूले एशोसियशनका नवनियुक्त पदाधिकारीलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो। भेटमा एशोसियशनका नवनियुक्त अध्यक्ष श्री मेख बहादुर थापाले धितोपत्र बजार विकास र विस्तारका लागि मर्चेन्ट बैंकरले निभाउनुपर्ने भूमिकाका सन्दर्भमा एशोसियशनले पहलकदमी गर्ने बताउँदै बोर्डको विशेष सहयोगको अपेक्षा गर्नुभयो।

त्यस्तै, एशोसियशनका निवर्तमान अध्यक्ष श्री ध्रुब तिमिल्सिनाले धितोपत्र बजार सम्बन्धी नीति निर्माण गर्दा एशोसियशनसँग छलफल गरी बोर्डले उचित स्थान दिएको स्मरण गर्दै आगामी दिनमा समेत यसको निरन्तरता रहने विश्वास व्यक्त गर्नुभयो। भेटका क्रममा बोर्ड अध्यक्ष श्री ढुंगानाज्यूले मर्चेन्ट बैंकर थप व्यवसायिक हुनुपर्ने तथा प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्नुपर्ने बताउनुभयो। धितोपत्र बजारमा हालसालका दिनमा सकारात्मक परिवर्तन भइरहेको बताउँदै उहाँले यस बजारलाई सूचना प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिनुभयो। त्यस्तै, उहाँले बजार सहभागीहरुले लगानीकर्ताको हितलाई मध्यनजर गर्दै व्यवसाय संचालन गर्नुपर्ने बताउनुभयो। उक्त भेटमा बोर्डका कार्यकारी निर्देशक श्री निरज गिरीले मर्चेन्ट बैंकिङ्ग र बजार विकासका सम्बन्धमा आफ्नो धारणा राख्नु भएको थियो।

## नेपाल आर्थिक पत्रकार संघ(नाफिज) का नवनिर्वाचित पदाधिकारीसँग भेटघाट।

**पुस ९, २०७७:** नेपाल आर्थिक पत्रकार संघ (नाफिज) का नवनिर्वाचित पदाधिकारीहरुको प्रतिनिधिमण्डलले बोर्ड अध्यक्ष श्री भिष्मराज ढुंगानाज्यूसँग मिति २०७७।०९।०९ मा बोर्डको कार्यालय जावलाखेलमा भेट गरेको छ। प्रतिनिधिमण्डलको नेतृत्व नेपाल आर्थिक पत्रकार संघका नवनिर्वाचित अध्यक्ष श्री मोद नाथ ढकालले गर्नुभएको थियो। उक्त अवसरमा बोर्ड अध्यक्ष श्री भिष्मराज ढुंगानाज्यूले नाफिजका नवनिर्वाचित पदाधिकारीलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो। भेटमा नाफिजका नवनिर्वाचित अध्यक्ष श्री मोद नाथ ढकालले सूचना प्रवाहमा सहजीकरण गर्न अनुरोध गर्दै धितोपत्र बजार संवेदनशील विषय भएकोले यससम्बन्धी सूचना सम्प्रेषण गर्दा पत्रकार स्वयंले समेत सावधानी अपनाउनुपर्ने बताउनुभयो। साथै, उहाँले नाफिजको भावी योजनाका सम्बन्धमा प्रकाश पार्नुभयो। साथै बोर्ड अध्यक्ष श्री ढुंगानाज्यूले नाफिजले एक दशक भन्दा लामो यात्रा तय गरेको स्मरण

गर्दै पत्रकारमार्फत् धितोपत्र बजारसम्बन्धी जानकारीका साथै सरोकारवालालाई मार्गदर्शन समेत प्रदान गरी पुँजी बजारको विकासमा महत्वपूर्ण योजदान दिइरहेको सम्बन्धमा प्रकाश पार्नुभयो । उहाँले पछिल्लो एक वर्षमा नै डिम्याट खाता हुने लगानीकर्ताको संख्या १६ लाखबाट २३ लाख पुगेको, दाम्रो बजारमा अनलाइन कारोवार प्रयोगकर्ताको संख्या २२ हजारबाट २ लाख २० हजार पुगेको, नेप्से सूचकांक, कारोवार रकम तथा संख्या लगायत दोस्रो बजारका अन्य परिसूचकले नयाँ रेकर्ड कायम गरिरहेको, प्रारम्भिक सार्वजनिक निष्काशनमा लगानीकर्ताको आकर्षण बढिरहेको, प्राथमिक बजारमार्फत् वास्तविक क्षेत्रका कम्पनीहरुले पुँजी परिचालन गर्न अग्रसर रहेको सन्दर्भलाई जोड्दै पछिल्लो समय धितोपत्र बजारको विकास विस्तार भइरहेको बताउनुभयो ।

त्यस्तै, उहाँले बोर्डले भर्खरै ICT Operation Manual लागू गरेको, e-KYC निर्देशिका स्वीकृत गरी कार्यान्वयन गर्न निर्देशित गरेको तथा बोर्डमा बजार सहभागीले सूचना प्रवाह गर्दा Electronic Reporting and Retrieval System-ERRS मार्फत् गर्न सक्ने व्यवस्था गर्न लागिएको बताउँदै दोस्रो बजार कारोवारमा बैंक इन्टिग्रशन गर्ने तथा ब्रोकरको टिएमएसलाई अन्तर्राष्ट्रियस्तरको बनाउनुपर्ने बताउनुभयो । बोर्ड अध्यक्ष ढुंगानाज्यूले धितोपत्र बजार विकास तथा विस्तारका विषयमा थप प्रकाश पार्दै धितोपत्र बजारमा स्टक डिलर प्रवेश गरेको, विशिष्टिकृत लगानी कोष व्यवस्थापकलाई अनुमति दिने प्रक्रिया अन्तिम चरणमा रहेको, बोर्डले O&M सम्पन्न गरी नयाँ संगठन संरचना लागू गर्ने क्रममा रहेको तथा वस्तु विनिमय बजारसम्बन्धी कार्य अगामी दिनमा अगाडि बढ्ने जानकारी दिनुभयो । उक्त भेटमा बोर्डका कार्यकारी निर्देशक श्री निरज गिरीले धितोपत्र बजारमा सूचनाको महत्वपूर्ण भूमिका हुने बताउँदै नाफिजका नवनिर्वाचित पदाधिकारीलाई बधाई  तथा शुभकामना व्यक्त गर्नुभयो ।




*नाफिजका पदाधिकारी सँग बोर्ड अध्यक्ष  श्री भिष्मराज दुंगानाज्य*

## बोर्डको कार्यालय खुमलटारमा स्थानान्त्रण गरिएको ।

**माघ १, २०७७:** ललितपुर महानगरपालिका वडा नं.-५ जावलाखेल स्थित नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको परिसरमा रहेको बोर्डको कार्यालय मिति २०७७ माघ १ गतेबाट ललितपुर महानगरपालिका वडा नं.-१५, खुमलटार स्थित श्री एक्जोटिक ओरिएन्टल क्राफ्ट्स प्रा. लि. को स्वामित्वमा रहेको भवन (प्रिमियर इन्टरनेशनल स्कुल नजिकै) मा स्थानान्तरण गरिएको छ। बोर्डका सम्पूर्ण काम कारवाही २०७७ माघ १ गतेबाट सोही स्थानबाट हुने व्यहोरा सम्पूर्ण सरोकारवाला निकाय, संघ संस्था, लगानीकर्ता लगायत आम सर्वसाधारणहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। हाल स्थानान्तरण भएको स्थानको Location Map यस बोर्डको Website मा राखिएको छ।

## मर्चेन्ट बैंकरको समुद्घाटन ।

**माघ २, २०७७:** बोर्ड अध्यक्ष श्री भिष्म राज ढुंगानाज्यूले बोर्डबाट मर्चेण्ट बैंकिङ्ग व्यवसाय गर्न अनुमतिपत्र प्राप्त मर्चेण्ट बैंकरहरु माछापुच्छे क्यापिटल लि. र कृति क्यापिटल एण्ड इन्भेष्टमेन्ट्स लि. एक आपसमा गाभिई बनेको माछापुच्छे कृति क्यापिटल लि.को एकिकृत कारोवारको उक्त मर्चेन्ट बैंकरको बागदरवार, सुन्धारा स्थित केन्द्रीय कार्यालयमा एक कार्यक्रम बीच समुद्घाटन गर्नुभएको छ।

उक्त समुद्घाटन कार्यक्रममा बोर्ड अध्यक्ष श्री ढुंगानाज्यूले सो कम्पनीको व्यवसायिक सफलताको शुभकामना व्यक्त गर्दै नेपालको पुँजी बजारमा मर्चेण्ट बैंकरको प्रवेश भएको २७ वर्षभन्दा बढी भइसकेको र पछिल्लो समय यो व्यवसाय क्रमशः विकास हुदै गइरहेकोले मर्चेण्ट बैंकरले आफ्नो प्रतिष्पर्धात्मक क्षमता अभिबृद्धि गर्दै जानुपर्ने बताउनुभयो । उहाँले विकशित देशमा बजार पुँजीकरण भन्दा ३/४ गुणासम्म सामूहिक लगानी कोषमार्फत् पुँजी परिचालन हुने गरेको सन्दर्भमा नेपालमा समेत यसको व्यापक सम्भावना रहेकोले यसको विकासमा मर्चेण्ट बैंकरले भूमिका खेल्नुपर्ने बताउनु भयो । त्यस्तै, उहाँले संस्थागत परामर्श सेवा, विशिष्टिकृत लगानी कोष (प्राइभेट इक्विटि, भेञ्चर क्यापिटल) व्यवस्थापन, ऋणपत्र तथा स्वपुँजी लगानी परामर्श, निश्चित प्रतिशत प्रतिफल सुनिश्चितता सहितको लगानी परामर्श सेवा, विदेशी संस्थागत लगानीकर्ता तथा गैर आवासीय नेपालीमार्फत् विदेशी श्रोतको परिचालन लगायतमा समेत मर्चेण्ट बैंकरले भूमिका खेल्नुपर्नेमा विशेष जोड दिनुभयो।

साथै, उहाँले मर्जपश्चात् उच्च व्यवस्थापन र कर्मचारी समेतको उचित व्यवस्थापन हुन सके मात्र मर्ज सफल हुने भएकोले यस विषयमा माछापुच्छे कृति क्यापिटल लि.ले विशेष ध्यान पुर्याउने विश्वास व्यक्त गर्नुभयो। उक्त कार्यक्रममा माछापुच्छे बैंक लि.का अध्यक्ष डा.विरेन्द्र प्रसाद महतो विशेष अतिथिको रुपमा रहनुभएको थियो भने कार्यक्रममा माछापुच्छे बैंक लि.का प्रमुख कार्यकारी अधिकृत श्री सन्तोष कोइराला,माछापुच्छे कृति क्यापिटल लि.का अध्यक्ष श्री विश्वम्भर न्यौपाने, माछापुच्छे कृति क्यापिटल लि.का अन्य संचालक तथा प्रमुख कार्यकारी अधिकृत श्री दिपेश कुमार वैद्यको उपस्थिति रहेको थियो।




*मर्चेन्ट बैंकको समुद्घाटन गर्नुहुदै बोर्डका अध्यक्ष श्री भिष्मराज ढुंगानाज्यू*

## कर्मचारीको राजीनामा



**माघ १२, २०७७:** बोर्डका कर्मचारी श्री नहकुल भट्टराईले आफ्नो पारिवारिक कारणबाट बोर्डको सेवालाई निरन्तरता दिन नसक्ने जनाई बोर्डमा राजीनामा पेश गर्नुभएको थियो । उहाँले मिति २०५४।१०।०१ देखि सवारी चालक (सहायक स्तर तृतीय) पदमा बोर्डको सेवामा प्रवेश गर्नु भएको थियो भने मिति २०५६।१२।०९ मा सहायक स्तर तृतीय श्रेणी पदमा स्थायी नियुक्ति हुनु भएको थियो। त्यसैगरी मिति २०७१।०१।२३ गते देखि सवारी चालक तथा श्रेणी विहीन अर्न्तगत चालक समूहको चतुर्थ स्तर पदमा र मिति २०७५।०३।०१ देखि पाचौं स्तर (प्रशासन) सवारी चालक पदमा बढुवा हुनु भएको थियो। बोर्डको सेवामा रहँदा उहाँले गर्नुभएको कार्यको बोर्डले उच्च मूल्यांकन गर्नुका साथै उहाँको बाँकी जीवनकालका लागि शुभेच्छा व्यक्त गरेको छ।

## धितोपत्र बजारसँग सम्बन्धित लगानीकर्ता संघ संघठनका प्रतिनिधिहरुसँग बजार विकास तथा विस्तार सम्बन्धी छलफल कार्यक्रम।

**फागुन ५, २०७७:** विभिन्न लगानीकर्ता संघ संघठनका प्रमुख र बोर्ड अध्यक्ष श्री भिष्मराज ढुंगानाज्यूसहित बोर्डका उच्च अधिकारी बीच मिति २०७७।११।०५ मा बोर्डको कार्यालयमा धितोपत्र बजारको समसामयिक अवस्था र बजार विकास तथा विस्तारका लागि बोर्डले गरेका कार्यका विषयमा छलफल भएको छ। उक्त छलफलमा उद्योग वाणिज्य महासंघ, पुँजी बजार फोरमका सभापति श्री अम्बिका प्रसाद पौडेल, नेपाल इन्भेष्टर्स फोरमका अध्यक्ष श्री छोटेलाल रौनियार, नेपाल पुँजीबजार लगानीकर्ता संघका अध्यक्ष श्री

उत्तम अर्याल, नेपाल पुँजी बजार संघका अध्यक्ष श्री राधा पोखरेल, लगानीकर्ता दवाव समूहका संयोजक श्री हरि ढकालको उपस्थिति रहेको थियो ।

छलफलका क्रममा बोर्ड अध्यक्ष श्री भिष्मराज ढुंगानाज्यूले पछिल्लो समय धितोपत्र बजारमा भएको प्रविधिको विकाससँगै प्राथमिक र दोस्रो बजारमा लगानीकर्ताको पहुँच विस्तार भई बजार गतिशिल भएको बताउँदै कोरोना महामारीको प्रभावको बीचमा समेत आर्थिक क्रियाकलाप चलायमान बनाउन धितोपत्र बजारले महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो । उहाँले दोस्रो बजार कारोवार सहज भएको तथा विगत लामो समयदेखि अन्यौल रहेको पुँजीगत लाभकरको विषय स्पष्ट भएसँगै लगानीकर्ताको मनोबल बढेको बताउँदै बजारको स्थायित्वका लागि संस्थागत लगानीकर्ताको बलियो उपस्थिति हुनुपर्ने र यसका लागि बोर्डले उपयुक्त कानुनी व्यवस्था गरेपश्चात् संस्थागत लगानीकर्ताको प्रबेश भइरहेको विचार व्यक्त गर्नुभयो । उहाँले सामाजिक सुरक्षा कोष तथा अन्य कोषलाई धितोपत्र बजारमा प्रवेश गर्न आवश्यक सहजीकरण भइरहेको, गैर आवासीय नेपालीको धितोपत्र बजार प्रबेशसम्बन्धमा बोर्डले बाह्य विज्ञमार्फत् अध्ययन गराइरहेको र निकट भविष्यमा नै सोसम्बन्धी प्रतिवेदन पेश हुने बताउनुभयो । त्यस्तै, उहाँले सूचिकृत संगठित संस्थाको विवरण प्रवाह थप पारदर्शी बनाउने, लगानीकर्ताको पहुँच विस्तार गर्ने, अन्य नियमन निकायसँग समन्वय गर्ने, लगानीकर्ता संरक्षण कोषको प्रभावकारी संचालन गर्न नेपाल सरकार, अर्थ मन्त्रालय र कम्पनी रजिष्ट्रारको कार्यालयसँग समेत समन्वय गरी आवश्यक कार्य अगाडि बढाउने लगायतका कार्य भइरहेको बताउनुभयो ।

छलफलमा लगानीकर्ता संघ संगठनका प्रमुखहरुले वर्तमान धितोपत्र बजारको अवस्थाको समीक्षा गर्दै पछिल्लो समयको प्रगतिमा सन्तोष व्यक्त गर्नुभयो र साना लगानीकर्ताको हित हुने गरी नीति तर्जुमा गर्न बोर्डलाई सुझाव दिदै अनलाइन प्रणालीको सुधार, सर्वसाधारणको लगानी आकर्षण गर्न आवश्यक पूर्वाधारको व्यवस्था, ब्रोकरको पहुँच विस्तार तथा लगानीकर्ता साक्षरता लगायतका विषयमा बोर्डले थप प्रभावकारी भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

## आर्थिक वर्ष २०७७।७८ मा धितोपत्र बजारको अवस्था तथा प्रवृत्ति

*आर्थिक वर्ष २०७७/७८ को प्रथम आठ महिनामा धितोपत्र बजारमा भए/गरिएका विकास तथा सुधारका कार्यहरूले गर्दा बजारमा उल्लेख्य बृद्धि आएको छ । प्राथमिक बजारतर्फ प्रारम्भिक सार्वजनिक निष्काशन, ऋणपत्र निष्काशन तथा सामूहिक लगानी योजना निष्काशनमा बढोत्तरी आएको छ भने हकप्रद निष्काशनमा कमी आएको छ । धितोपत्रको दोस्रो बजारका अधिकांश सूचकांकहरू सकारात्मक रहेका छन् ।*

*विशेषतः कोभिड-१९ पश्चात धितोपत्र बजारमा अनलाईन मार्फत कारोबार गर्न सक्ने आवश्यक व्यवस्थाहरू गरिनु, धितोपत्र कारोबार शूल्कमा कमी गरिनु, बैकिङ्ग प्रणालीमा तरलता बृद्धि हुनु, बैंक व्याजदर कम हुनु, लगानीका अन्य क्षेत्रहरूमा संकुचन आउनु, सूचीकृत कम्पनीहरूले लाभांश प्रदान गर्नु र नियमन निकायको अध्ययन तथा निर्देशन बमोजिम नेपाल स्टक एक्सचेञ्ज लि.(नेप्से) को स्वचालित कारोबार प्रणालीमा थप सुधार हुनु तथा बजारमा लगानीकर्ताको संख्या बढ्नु आदि कारणले धितोपत्रको दोस्रो बजारमा सकारात्मक प्रभाव परेको देखिन्छ ।*

*धितोपत्र बजारमा डिम्याट खाताको संख्या चालु आ. व. २०७७/७८ को फागुन मसान्तसम्ममा ३१ लाख ७१ हजार ३ सय ४३ पुगेको छ भने मेरो सेयर खाताको संख्या २१ लाख ३ हजार ८ सय ७७ पुगेको छ । त्यसैगरी धितोपत्रको कुनै एक प्रारम्भिक सार्वजनिक निष्काशनमा गत आ.व. मा सबैभन्दा बढी छ लाखसम्मले आवेदन दिने गरेकोमा हाल एउटै निष्काशनमा करिब १८ लाखले आवेदन दिने गरेको अवस्था श्रृजना भएको छ । २०७७ असारमा धितोपत्रको दोस्रो बजार अनलाइन कारोबारका लागि*

*करिब ३५ हजारले युजर आई डि लिएकोमा समिक्षा अवधिमा उक्त संख्यामा उल्लेखनिय वृद्धि भै करिब ४ लाख ७६ हजार रहेको छ भने औसतमा ६ लाख ६ हजार लगानीकर्ताहरू कारोबारमा सक्रिय रहेको अवस्था छ । पुँजी बजारमा लगानीकर्ताहरू क्रमशः प्रविधिमैत्री हुदैं गएको अवस्था छ । यस अवधिको धितोपत्रको प्राथमिक बजार र दोस्रो बजारको समीक्षा देहाय अनुसार प्रस्तुत गरिएको छ ।*

## आ.व. २०७६।७७ को प्रथम आठ महिनामा धितोपत्र प्राथमिक बजारको अवस्था

कोभिड-१९ महामारीका कारणबाट उत्पन्न विषम परिस्थितिले गर्दा नेपाल सरकारबाट गरेको लकडाउनका कारण सबै प्रकारका आर्थिक गतिविधिहरु ठप्प हुँदा आ.व. २०७७।७८ को शुरूवाती महिनाहरूमा धितोपत्रको प्राथमिक निष्काशनमा असर परेको भएतापनि चालु आ.व. को प्रथम आठ महिनामा धितोपत्रको प्राथमिक बजारमा सार्वजनिक निष्काशन गर्ने संगठित संस्था तथा रकममा गत वर्षको सोही अवधिको तुलनामा बढोत्तरी आएको छ ।

चालु आर्थिक वर्षको प्रथम आठ महिनामा प्राथमिक बजारमार्फत १२ संस्थाले प्राथमिक निष्काशन, पाँच संस्थाले हकप्रद निष्काशन, चार संस्थाले सामूहिक लगानी योजना र १० संस्थाले ऋणपत्र गरी कुल ३१ संगठित संस्थाले रु. ४६ अर्व ९७ करोड बराबरको धितोपत्र निष्काशन अनुमति प्राप्त गरेका छन् । यो रकम गत वर्षको सोही अवधिको तुलनामा करिब ५५ प्रतिशतले बढी हो । गत वर्षको सोही अवधिमा बोर्डबाट २९ संगठित संस्थाले रु. ३० अर्ब ४१ करोड बराबरको पुँजी परिचालनका लागि अनुमति प्राप्त गरेका थिए ।


समीक्षा अवधिमा १२ संगठित संस्थाबाट साधारण सेयरको प्राथमिक निष्काशन मार्फत रु.११ अर्ब ५९ करोड रकम बराबरको पुँजी परिचालन भएको छ, जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा करिब ३२१ प्रतिशतको बढोत्तरी हो । यस अवधिमा साधारण सेयरको प्राथमिक निष्काशनको अनुमति पाउने कम्पनीहरूमा चार जीवन बीमा कम्पनी, दुई लघुवित्त कम्पनी, तीन जलविद्युत, एक पूर्वाधार विकास बैंक र एक पर्यटन प्रर्वद्धन गर्ने कम्पनी रहेका छन् । आर्थिक वर्ष २०७६।७७ को सोही अविधमा पाँच वटा संस्थाहरूले रू. २ अर्ब ७५ करोड रकम बराबरको निष्काशन अनुमति प्राप्त गरेका थिए ।

चालु आर्थिक वर्षको प्रथम आठ महिनामा हकप्रद सेयर निष्काशनमा केही कमी आएको छ । यस अवधिमा पाँच सूचीकृत संगठित संस्थाले कुल रू.२ अर्ब ४८ करोड बराबरको हकप्रद सेयर निष्काशन अनुमति प्राप्त गरेका छन् जुन गत वर्षको सोही समयावधिको तुलनामा करिब ४३ प्रतिशतले कमी हो । गत आ.व. को सोही अवधिमा बोर्डले ११ संस्थालाई रू. ४ अर्ब ४१ करोड बराबरको हकप्रद सेयर निष्काशनका लागि स्वीकृति प्रदान गरेको थियो।यस अवधिमा हकप्रद सेयर जारी गर्ने संस्थाहरूमा दुई वित्त कम्पनी, एक बिकास बैंक, एक जलविद्युत र एक अन्य क्षेत्रको कम्पनी रहेका छन् ।

त्यसैगरी ऋणपत्र निष्काशनमा बृद्धि देखिएको छ । चालु आ.व. को प्रथम आठ महिनामा १० संगठित संस्थाले रू.२९ अर्ब ६० करोड बराबरको ऋणपत्र निष्काशनको अनुमति प्राप्त गरेका छन्, जुन गत आ.व. को सोही अवधिको तुलनामा करिब ३८ प्रतिशतको बृद्धि हो । गत आ.व. मा ११ संस्थाले रू. २१ अर्ब ४५ करोड रूपैयाँ बराबरको ऋणपत्र निष्काशन अनुमति पाएका थिए । यस अवधिमा प्राथमिक बजारमार्फत हुने कुल पुँजी परिचालनमा ऋणपत्रको अंश बढी ६० प्रतिशत भन्दा बढी रहेको छ ।

| तालिका १<br>**धितोपत्रको प्राथमिक बजार**<br>*(चालु आ.व. को आठ महिनाको तथ्यांकमा आधारित)* | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | विवरण | आर्थिक वर्ष (रकम रु. अर्बमा) | | | | | | परिवर्तन प्रतिशत | | | |
| | | २०७५/७६ | | २०७६/७७ | | २०७७/७८ | | संख्याको आधारमा | | रकमको आधारमा | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | २०७६/७७ | २०७७/७८ | २०७६/७७ | २०७७/७८ |
| १ | प्राथमिक निष्काशन | १६ | ४.६८ | ५ | २.७५ | १२ | ११.५९ | -६८.८ | -४१.२ | १४०.० | ३२१.५ |
| २ | हकप्रद निष्काशन | १२ | ३.१४ | ११ | ४.४१ | ५ | २.४८ | -८.३ | ४०.४ | -५४.५ | -४३.८ |
| ३ | थप निष्काशन | ० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | - | - | - | - |
| ४ | ऋणपत्र निष्काशन | ६ | १४.५८ | ११ | २१.४५ | १० | २९.६ | ८३.३ | ४७.१ | -९.१ | ३८.० |
| ५ | म्युचुअल फण्ड | ० | ० | २ | १.८ | ४ | ३.३ | - | - | १००.० | ८३.३ |
| **जम्मा** | | ३४ | २२.४ | २९ | ३०.४१ | ३१ | ४६.९७ | -१४.७ | ३५.८ | ६.९ | ५४.५ |

**चार्ट १: आ.व. २०७७।७८ को आठ महिनामा धितोपत्र प्राथमिक बजारको अवस्था**
*(२०७७ फागुन मसान्तसम्म)*



## आ.व. २०७७।७८ को आठ महिनामा धितोपत्र दोस्रो बजारको अवस्था

चालु आ.व. को आठ महिनाको धितोपत्र दोस्रो बजारको अवस्था तर्फ हेर्दा कोभिड-१९ महामारी रोकथामका लागि नेपाल सरकारबाट गरेको लकडाउनका कारण लगानीकर्ताहरूको मनोविज्ञानमा असर परी केही समय धितोपत्रको दोस्रो बजारमा गिरावट आएतापनि प्रणालीगत व्यवस्थाहरूमा गरिएको सुधारका कारण चालु आर्थिक वर्षको प्रथम आठ महिनामा धितोपत्रको दोस्रो बजारको अधिकांश परिसूचकहरूमा सुधार आएको अवस्था छ। यस अवधिमा नेप्से परिसूचक, बजार पुँजीकरण, कारोबार रकम, सूचीकृत कम्पनीको संख्या, सूचीकृत धितोपत्रको संख्या तथा सूचीकृत धितोपत्रको चुक्ता मूल्य जस्ता सूचकांकहरूमा उल्लेख्य बढोत्तरी आएको देखिन्छ। समीक्षा अवधिमा धितोपत्रको दोस्रो बजारमा पूर्ण स्वचालित अनलाइन कारोबार प्रणालीमा देखिएका कमीकमजोरीहरूमा सुधार र सहजरूपमा युजरनेम तथा पासवर्ड लिइ कारोबार गर्न तथा धितोपत्र दलाल व्यवसायीमार्फत् मार्जिन कारोबारको व्यवस्था जस्ता कारणहरूबाट बजारमा सुधार आएको देखिन्छ।

चालु आर्थिक वर्षको समीक्षा अवधिमा नेप्से परिसूचक २४५८.४९ बिन्दु कायम भएको छ, जुन गत आ.व. को सोही अवधिको तुलनामा करिब ७६ प्रतिशतको वृद्धि हो। गत आर्थिक वर्षको प्रथम आठ महिनाको अन्त्यमा नेप्से परिसूचक १३७७.१८ बिन्दु कायम रहेको थियो। नेप्से परिसूचक २०७७ फागुन ९ गतेका दिन हाल सम्मकै उच्च २६४०.३५ बिन्दु पुगेको थियो। त्यसैगरी, गत वर्षको फागुन मसान्तमा ९७.७९ बिन्दु रहेको नेप्से फ्लोट सूचकांक करिब ७३ प्रतिशतले बृद्धि आई चालु आर्थिक वर्षको फागुन मसान्तमा १६८.९५ बिन्दु कायम भएको छ। आर्थिक वर्ष २०७६।७७ को अन्त्यमा नेप्से सूचकांक तथा नेप्से फ्लोट सूचकांक क्रमशः १३६२.७ बिन्दु र ९५.४३ बिन्दु रहेको थियो। गत आर्थिक वर्षको फागुन मसान्तमा कुल बजार पुँजीकरण रु.१७.६० खर्ब रहेकोमा चालु आर्थिक वर्षको फागुन मसान्तमा उक्त बजार पुँजीकरण करिब ९२ प्रतिशतले बृद्धि आई रु.३३.८७ खर्ब कायम भएको छ। गत आर्थिक वर्षको अन्त्यमा बजार पुँजीकरण रु. १७.९३ खर्ब रहेको थियो। धितोपत्रको बजार पुँजीकरण २०७७ फागुन ९ गतेका दिन हाल सम्मकै उच्च भई रू.३६.३८ खर्ब पुगेको थियो।

गत आर्थिक वर्षको फागुन मसान्तसम्म रू. ६ खर्ब ४३ अर्ब रहेको फ्लोट बजार पुँजीकरणमा करिब ८५ प्रतिशतले वृद्धि भइ चालु आर्थिक वर्षको फागुन मसान्तमा फ्लोट बजार पुँजीकरण रू. ११ खर्ब ९३ अर्ब कायम भएको छ। गत आर्थिक वर्षको अन्त्यमा कुल गार्हस्थ्य उत्पादनमा कुल बजार पुँजीकरणको अनुपात ४७.५२ प्रतिशत रहेको छ भने फ्लोट बजार पुँजीकरणको अनुपात १६.९४ प्रतिशत रहेको छ।

चालु आर्थिक वर्षको प्रथम आठ महिनामा भएको धितोपत्रको कारोबार रकममा गत वर्षको सोही अवधिको तुलनामा करिब ४५० प्रतिशतले बढोत्तरी आई रु.७ खर्ब १६ अर्ब बराबरको धितोपत्र कारोबार भएको छ।गत वर्षको फागुन मसान्तसम्म रु.१ खर्ब ३० अर्ब बराबरको धितोपत्र कारोबार भएको थियो।चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा सूचीकृत संगठित संस्थाको कुल चुक्ता मूल्यमा गत वर्षको सोही अवधिको तुलनामा करिब २० प्रतिशतले वृद्धि भई रु. ५ खर्ब ६१ अर्ब पुगेको छ। गत वर्षको प्रथम आठ महिनामा उक्त चुक्ता पुँजी रु. ४ खर्ब ५९ अर्ब रहेको थियो।

चालु आर्थिक वर्षको प्रथम आठ महिनामा कुल ७५ लाख १४ हजार ४ सय १४ वटा कारोबार भएको छ जुन गत आर्थिक वर्षको सोही अविधको तुलनामा करिब ३७६ प्रतिशतको बढोत्तरी हो । गत आर्थिक वर्षको सोही अवधिमा जम्मा १५ लाख ७७ हजार ८ सय ५ वटा कारोबार भएको थियो । आर्थिक वर्ष २०७६।७७ मा सूचीकृत कम्पनीको संख्या २१२ रहेकोमा चालु आर्थिक वर्षको प्रथम आठ महिनामा उक्त संख्यामा सामान्य वृद्धि भई सो सख्या २१७ पुगेको छ । धितोपत्रको दोस्रो बजारको अवस्थालाई तल तालिका २ मा प्रस्तुत गरिएको छ ।


**तालिका २**

**धितोपत्रको दोस्रो बजार** *(चालु आ.व. को आठ महिनाको तथ्याङ्कमा आधारित)*

| क्रस | विवरण | इकाई | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७६/७७ | २०७७/७८ |
| १ | सूचीकत कम्पनीको संख्या | संख्या | २०५ | २१२ | २१७ | ३.४१ | २.३६ |
| २ | सूचीकृत धितोपत्रको संख्या | संख्या करोडमा | ४००.०१ | ४६८.८६ | ५६१.०५ | १७.२१ | १९.६६ |
| ३ | धितोपत्रको कारोबार | रु. अर्ब | ५६.९९ | १३०.३६ | ७१६.९३ | १२८.७४ | ४४९.९६ |
| ४ | कारोबार दिन | दिन | १६३ | १६१ | १६० | -१.२३ | -०.६२ |
| ५ | औसत दैनिक कारोबार रकम | रु. अर्ब | ३३.५० | ८०.९० | ४४८.१० | १४१.४९ | ४५३.८९ |
| ६ | कारोबार भएको कूल सेयर संख्या | संख्या करोड | २००८४.४० | ३७५२८.९५ | १७१०९१.१४ | ८६.८६ | ३५५.८९ |
| ७ | कारोबार संख्या | संख्या | ७६६,११३ | १,५७७,८०५ | ७५१४४१४ | १०५.९५ | ३७६.२६ |
| ८ | सूचीकृत धितोपत्रको बजार पुँजीकरण | रु. अर्ब | १४११.८९ | १७६०.९३ | ३३८७.३४ | २४.७२ | ९२.३६ |
| ९ | फ्लोट बजार पुँजीकरण | रु. अर्ब | ४९६.०२ | ६४३.१३ | ११९३.९७ | २९.६६ | ८५.६५ |
| १० | बजार पुँजीकरणमा कारोबारको प्रतिशत | प्रतिशत | ६.१० | ११.१० | ३१.७० | ८१.९७ | १८५.५९ |
| ११ | नेप्से सुचकांक | विन्दु | ११५५.४६ | १३७७.१८ | २४५८.४९ | १९.१९ | ७८.५२ |
| १२ | नेप्से फ्लोट सुचकांक | विन्दु | ८४.३० | ९७.७९ | १६८.९५ | १६.०० | ७२.७७ |

*स्रोत: नेपाल स्टक एक्सचेञ्ज लि. ।*

**चार्ट २ : नेप्से सूचकांक तथा नेप्से फ्लोट सूचकांकको प्रवृत्ति (विन्दुमा)***(२०७७ फागुन मसान्तसम्म)*




*स्रोत: नेपाल स्टक एक्सचेञ्ज लि.*

## आर्थिक वर्ष २०७७।७७ मा धितोपत्र बजार सहभागीको अवस्था ।

**फागुन ३०, २०७७:** बोर्डले धितोपत्र बजारमा सेवा प्रदायकहरुको सेवालाई प्रतिस्पर्धात्मक, गुणस्तरीय एवं पहुँचयोग्य बनाउन प्रयासरत बोर्डले बजार सहभागीहरुको कार्य क्षेत्र विस्तार गर्ने, पुँजीगत क्षमता अभिवृद्धि गर्ने तथा सेवालाई देशव्यापी बनाउन शाखा विस्तार गर्ने तथा नयाँ संस्थालाई अनमुति प्रदान गर्ने नीति लिएको छ । बोर्डले नियमन तथा सुपरिवेक्षण गर्ने बजार सहभागीको संख्यामा सामान्य बृद्धि भएको देखिन्छ ।

यस क्रममा सूचीकृत कम्पनीको संख्या समेत सामान्य बृद्धि भई २१७ पुगेको छ भने सूचीकृत कम्पनीहरु मर्जर हुँदा उक्त कम्पनीका सहायक कम्पनीका रुपमा रहने मर्चेन्ट बैंकर मर्ज हुँदा केही कमी आएको देखिन्छ। निक्षेप सदस्यको रुपमा कार्य गर्ने संस्थाको संख्या केही कमी आएको छ भने आस्वासम्बन्धी कार्य गर्न अनुमति लिने बैंक वित्तीय संस्थाको संख्या एकै रहेको छ। समीक्षा अवधिमा धितोपत्र दलाल व्यवसायी र क्रेडिट रेटिङ्ग एजेन्सीको संख्या भने यथावत रहेको छ। धितोपत्र बजारमा सहभागीहरुको संख्यात्मक अवस्थालाई तालिका ३ मा प्रस्तुत गरिएको छ।

**तालिका ३**

**धितोपत्र बजार सहभागीको अवस्था**

| क्र.स. | बजार सहभागी | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ फागुन |
| १ | धितोपत्र बजार | १ | १ | १ | १ |
| २ | केन्द्रीय निक्षेप कम्पनी | १ | १ | १ | १ |
| ३ | धितोपत्र व्यापारी | ० | ० | ० | १ |
| ४ | सूचीकृत कम्पनी | १९६ | २१५ | २१२ | २१७ |
| ५ | धितोपत्र दलाल | ५० | ५० | ५० | ५० |
| ६ | मर्चेन्ट बैंकर | २५ | ३० | ३२ | ३० |
| ७ | निक्षेप सदस्य | ७० | ७२ | ७६ | ७५ |
| ८ | आस्वा सदस्य | ६५ | ६३ | ५२ | ५२ |
| ९ | सामूहिक लगानी कोष(दर्ता) | ११ | ११ | १४ | १५ |
| १० | क्रेडिट रेटिङ्ग एजेन्सी (साख मुल्याङ्कन) | २ | २ | २ | २ |
| ११ | योग्य संस्थागत लगानीकर्ता | ० | ० | ० | ८३ |
| | **जम्मा** | ४२१ | ४४५ | ४४० | ५२७ |

## धितोपत्र बजारसम्बन्धी लगानीकर्ता प्रशिक्षण कार्यक्रम

बोर्डबाट उपत्यका बाहिर तथा गत आर्थिक वर्ष देखि काठमाडौं उपत्यकामा शुरुवात गरिएको धितोपत्र बजारसम्बन्धी प्रशिक्षण तथा जनचेतना अभिबृद्धि कार्यक्रमलाई निरन्तरता दिने क्रममा २०७७ फागुनसम्म बोर्डको कार्यालयमा संचालन गरिएकोमा कोभिड-१९ का कारण उत्पन्न विषम परिस्थितिका कारण जुम मार्फत संचालन गर्दै आईरहेको छ। यस अवधिमा बोर्डबाट विभिन्न नौ वटा कार्यक्रम मार्फत करिब १००० जना लगानीकर्ताहरुलाई धितोपत्र बजारका विविध पक्षहरुका सम्बन्धमा जानकारी प्रदान गरिएको थियो।

**प्रमुख सल्लाहकार**
**श्री भिष्मराज ढुङ्गाना**
**अध्यक्ष**

**सल्लाहकार**
**श्री निरज गिरी**
**कार्यकारी निर्देशक**

**सम्पादक**
**डा. नवराज अधिकारी**
**उप कार्यकारी निर्देशक**

**सह सम्पादक**
**श्री नारायण प्रसाद शर्मा**
**निर्देशक**

**सहायक सम्पादक**
**श्री हरि प्रसाद भुसाल**
**सहायक निर्देशक**

**प्रकाशकः**
**नेपाल धितोपत्र बोर्ड**
पो.ब.नं. ९०३१, खुमलटार, ललितपुर ।
फोनः ०१-५५४१०५७, ५५५०५११, ५५४४०७६, ५५५५११६२
फ्याक्सः ०१- ५५४१०५८, टोल फ्रि हटलाइन नं: १६६०-०१-४४४३३
वेबसाइट :http://www.sebon.gov.np, ई-मेलः support@sebon.gov.np